# मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-....

मिति :- २०८१/०४/०८गते

आज मिति २०८१ साल साउन ०८ गते मंगलबारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री रामप्रसाद शर्मा<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | – | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | – | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | डिल माया नेपाली | |

अन्य उपस्थिति:

प्रविन पौडेल – प्रशासकीय अधिकृत

राजेन्द्र प्रसाद आचार्य – लेखा समूह

देवीप्रसाद पौडेल सहायक प्रशासकीय अधिकृत

पुण्य कुमारी शर्मा ना.वि.नि विपद इकाई

रमा सुवेदी सचिवालय कर्मचारी

कार्यपालिकाको मिति २०८१\०४\०८ गतेको बैठकका निर्णयहरु

निर्णय नं. १- गाउँकार्यपालिकाको मिति २०८१ असार २५ गतेको कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्थाको समिक्षा गरियो ।

निर्णय नं. २- तपसिल बमोजिमका कार्यविधी \ मापदण्ड स्वीकृत गरी कार्यन्वयन गर्ने ।

1) मनसुन तथा चाडपर्व केन्द्रित मोटरबाटो मर्मत तथा सरसफाई सम्बन्धी कार्यविधी, २०८१
2) आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधी, २०८१
3) विपद् व्यवस्थापन सम्बन्धी कार्यविधी, २०८१
4) मोदी गाउँपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड, २०८१
5) सम्पत्ती कर व्यवस्थापन कार्यविधी, २०८१

निर्णय नं. ३- आर्थिक वर्ष २०८१\०८२ को निमित्त तपसिल बमोजिमका ज्यालादर, निर्माण सामाग्री तथा सेवाको दररेट बाहेक अन्य ज्यालादर, निर्माण तथा सेवाको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई नै स्वीकृत गरी कार्यन्वयन गर्ने ।

<u>तपसिल</u>

| क्र.सं. | निर्माण सामाग्री, बस्तु तथा सेवाको विवरण | इकाई | ०८१\०८२ को दर | कैफियत |
|---|---|---|---|---|
| १ | भाईब्रेटर | घण्टा | १४५।- | |
| २ | मिक्सचर | घण्टा | २२००।- | |
| ३ | जेनेरेटर | प्रति दिन | १२००।- | |
| ४ | सानो मेशिन ढुवानी | प्रति कि.मि. | ४००।- | |
| ६ | ठुलो मेशिन ढुवानी | प्रति कि.मि. | २१००।- | |
| ७ | सानो मेसिनबाट माटो काट्ने कार्य | प्रति घण्टा (मनसुन र चाडपर्वको लागि मात्रै) | ३२००।- | |
| ८ | ठुलो मेसिनबाट माटो काट्ने कार्य | प्रति घण्टा (मनसुन र चाडपर्वको लागि मात्रै) | ६०००।- | |
| ९ | ब्रेकरबाट चट्टान काट्ने कार्य | घनमिटर | ७०।- | |

CamScanner

## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-९

मिति :- २०८१/०४/२५ गते

आज मिति २०८१ साल श्रावण २५ गते शुक्रबारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | [signature] | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | [signature] | |
| ३ | श्री रामप्रसाद शर्मा<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | [signature] Sharma. | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | [signature] | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | [signature] | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | [signature] | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | — | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | [signature] | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | [signature] २०८१/०४/२५ | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | [signature] | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | — | |
| १२ | श्री लक्ष्मी वि.क | सदस्य | — | |
| १३ | श्री शान्ता आले | सदस्य | — | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | [signature] मल्ला | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | [signature] | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | Rita | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | डिलमाया | |

**अन्य उपस्थिति:** [signature] रमा सुवेदी (इन्जिनियर)

[signature] प्रविन पोखेल - प्रशासकीय अधिकृत

[signature] राजेन्द्र प्रसाद आचार्य - लेखा सहायक

[signature] बिन्दु कुमारी शर्मा - कार्यालय सहयोगी

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पातिखोर, पर्वत, गण्डकी प्रदेश, नेपाल २०७३

CamScanner

कार्यपालिका बैठकका मिति २०८१ साउन २५ गतेका निर्णयहरु

**निर्णय नं. १** — मिति २०८१ साउन ८ गतेको कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यन्वयनको समिक्षा गरियो ।

**निर्णय नं. २** — मुख्यमन्त्री नवप्रवर्द्धन कार्यक्रम अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय गण्डकी प्रदेशबाट मिति २०८१ साउन १३ गते प्रकाशित सूचना अनुसार यस गाउँपालिकाको लागि "मुल्य श्रृंखलामा आधारित महिला सशक्तिकरण कार्यक्रम" शीर्षकमा तयार भएको प्रस्ताव स्वीकृत गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय गण्डकी प्रदेशमा पेश गर्ने ।

**निर्णय नं. ३** — कोल्ड रुम सञ्चालनको लागि विधुत प्रसारण गरी उपकरण जडान गर्न विधुत प्राधिकरणलाई अनुरोध गर्ने साथै उक्त कार्यको लागि आवश्यक रकम गाउँपालिकाले व्यहोर्नुपर्ने भए विधुत प्राधिकरणलाई विविध पुँजिगत कार्यक्रमबाट खर्च लेख्ने गरी उपलब्ध गराउने ।

**निर्णय नं. ४** — तपसिल बमोजिमका आयोजनाहरुको गाउँपालिकाले रकम अभाव भई कार्य समयमै नसकिएकोले आयोजनाको म्याद समाप्त भएकोले तपसिल बमोजिमको मिति सम्म म्याद थप गर्ने ।

| क्र सं. | आयोजना कार्यक्रमको नाम | म्याद थप हुने अवधी | कैफियत |
|---|---|---|---|
| १ | आयुर्वेद भवन निर्माण | २०८१ साउन १ गते देखि २०८१ पौष मसान्त सम्म | |
| २ | महेन्द्र शिखारी मा.वि. | २०८१ साउन १ गते देखि २०८१ पौष मसान्त सम्म | |
| ३ | जननेत्र मा.वि | २०८१ साउन १ गते देखि २०८१ पौष मसान्त सम्म | |
| ४ | वडा नम्बर १,२ र ८ को वडा कार्यालय भवन निर्माण | २०८१ साउन १ गते देखि २०८१ पौष मसान्त सम्म | |

**निर्णय नं. ५**- तपसिल बमोजिमका कार्यक्रमहरु तपसिल बमोजिमको शीर्षकबाट खर्च व्यहोर्ने गरी सम्झौता गरी कार्य अगाडी बढाउने ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रमको नाम | रकम | खर्च व्यहोर्ने श्रोत (शीर्षक) |
|---|---|---|---|
| १ | तिलाहार राम्जा चित्रे सडक ढलान | २२५००० | |
| २ | न्याउले मन्दिर पहिरो व्यवस्थापन तथा सडक मर्मत | २५०००० | |

हिरादेवी श्रेष्ठ
अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| ३ | गाउँपालिका आउने बाटोले भत्काएको गोठ निर्माणको लागि टिन तथा ब्लक खरिद | ३५००० | विविध पुँजीगत कार्यक्रम |

**निर्णय नं. ६**- गाउँपालिकामा रहेको एम्बुलेन्स सञ्चालन गर्न हलुका सवारी चालक (प्रचलित कानून अनुसार तोकिएको योग्यता पुगेको) पदमा काम गर्ने जनशक्ति आवश्यकता परेकोले उक्त पदहरुमा करारमा पदपुर्ति गर्न तपसिल बमोजिमका सदस्यहरु रहेको छनौट समिति गठन गर्ने । छनौट सम्वन्धी सूचना प्रकाशन गर्ने, प्रयोगात्मक तथा अन्य परीक्षाको पाठ्यक्रम र परिक्षाको मिति तोक्ने, परीक्षा सञ्चालन गर्ने तथा छनौट गरी गाउँ कार्यपालिकाको कार्यालयमा करारको लागि सिफारिस गर्ने जिम्मेवारी समेत सोही समितिलाई प्रदान गर्ने ।

तपसिल

क. हलुका सवारी चालक पदको लागिः-

१. श्री प्रविन पोखेल (प्रशासकीय अधिकृत), मोदी गाउँपालिका — संयोजक

२. श्री दिनेश शर्मा (प्रमुख, सामाजिक विकास शाखा, मोदी गाउँपालिका) — सदस्य

३. जिल्ला ट्राफिक कार्यालयको प्रतिनिधी — सदस्य

**निर्णय नं. ७**. गण्डकी प्रदेशका पालिकाहरुको वासयोजना तयार गर्नको लागि गणडकी प्रदेश सरकारको तर्फबाट ऊर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग (संघिय खानेपानी मन्त्रालयको तर्फबाट) र यस मोदी गाउँपालिका बीच भएको समझदारीपत्र (MOU) अनुसार खानेपानी सरसफाई तथा स्वच्छता (wash) कार्य योजना तयार भए अनुसार निम्नानुसारको तथ्याङ्क संकलन भएको जानकारी गराउँदै प्रमाणीत गरिन्छ । सोहि अनुसार तपसिल अनुसारको तथ्याङ्कको प्रमाणीकरणको साथै आगामी ४ (चार) महिना भित्र उक्त वास योजना तयार गर्ने निर्णय गरियो ।

तपसिल

NWASH/MIS मा प्रविष्ट तथ्याङ्कहरु

१. घरधुरि संख्या :- ५२५

२. शैक्षिक संस्थाहरुः- ३९

३. सार्वजनिक सौचालय :- १

४. स्वास्थ्य संस्थाहरु :- १०

५. खानेपानी आयोजनाको संख्या :- ६२

६. खानेपानी सरसफाई तथा सवच्छता (WASH) सेवा नपुगेका समुदाय :- १

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

**निर्णय नं. ८.** मोदी गाउँपालिकाको वडा नं. २, बस्ने श्री सर्व बहादुर हमालको छोरा श्री खेम बहादुर हमालको नाममा रहेको वडा नं. २ को कित्ता नं. ३१२ बाट क्षेत्रफल ०-०-०-१ र निजको श्रीमती श्री बुद्धि कुमारी हमालको नाममा रहेको कित्ता नं. ३१३ को क्षेत्रफल ०-७-०-१ बाट ०-४-२-३ (दुई कित्ताको गरी जम्मा ०-४-३-० क्षेत्रफल) गाउँपालिकाको पातिचौर खाद्यान्न कोल्ड च्याम्वर निर्माणको लागी निशुल्क जग्गा दान दिने भएकाले सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ बमोजिम गाउँपालिकाको नाममा जग्गा प्राप्त गर्न आवश्यक प्रकृया अगाडी बढाउने ।

**निर्णय नं.९.**

मोदी गाउँपालिकाको वडा नं. ५, निवासी श्री नरहरी भुवाजीका नाती लिलाधर भुवाजीको छोरा श्री गजाधर भुवाजीको नाममा रहेको वडा नं.५ को कित्ता नं. ८४८ तथा ०-१०-०-३ क्षेत्रफलमा रहेको जग्गा गाउँपालिकाको वाउसे सामुदायिक स्वास्थ्य ईकाइ निर्माणको लागि निःशुल्क दान दिने भएकोले सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ वमोजिम गाउँपालिकाको नाममा जग्गा प्राप्त गर्न आवश्यक प्रकृया अगाडी बढाउने ।

**निर्णय नं.१०.** यस गाउँपालिकामा रहेका ८ वटा स्वास्थ्य चौकी तथा ९ वटा सामुदायिक स्वास्थ्य इकाईमा न्यूनतम सेवा मापदण्ड कार्यक्रम कार्यान्वयनका लागि स्वास्थ्य सामग्री व्यवस्थापनलाई आ.व. २०८०/०८१ को स्वास्थ्य कार्यक्रम तर्फ बिनियोजित वजेट रु.४००,०००/- बाट कार्य सम्पन्न भई पेश हुन आएको तर उक्त आर्थिक वर्षमा रकम अभाव भई भुक्तानी हुन नसकेकोले आर्थिक वर्ष ०८१/०८२ को स्वीकृत कार्यक्रम विविध पुँजीगत कार्यक्रम शीर्षकवाट ३९९२९७ रकम भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-....

मिति :- २०८१/०५/१७ गते

आज मिति २०८१ साल भाद्र १७ गते सोमबारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री रामप्रसाद शर्मा<br>प्रमुख प्रशासकीय अधिकृत | सचिब | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | — | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | 2081/05/16 | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | — | |
| १३ | श्री शान्ता आले | सदस्य | शान्ता | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | — | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | डिलमाया | |

**अन्य उपस्थिति:** मित्र बहादुर-चोचाङ्ग का.बो.

रुद्र शर्मा

रमा सुवेदी (लि.क)

प्रविन [illegible]

[illegible] नगेन्द्र [illegible] - कार्यालय सहायक

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पातिचौर, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

CS CamScanner

कार्यपालिकाको बैठक मिति २०८१/०५/१७ गतेको निर्णय

**निर्णय नं. १** कार्यपालिकाको मिति २०८१ साउन २५ गते बैठकका निर्णयहरुको कार्यन्वयनको समिक्षा गरियो ।

**निर्णय नं. २** देहाय बमोजिमका कार्यक्रमहरुको लागि देहाय बमोजिमको श्रोतबाट खर्च व्यहोर्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।

| सि.नं. | कार्यक्रमको नाम | खर्च व्यहोर्ने श्रोत | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | तिज गीत प्रतियोगिता | विविध पूँजीगत कार्यक्रम | १५००००।- | २०८१ भाद्र १९ गते आयोजना गर्ने । |

**निर्णय नं. ३** गाउँपालिकास्तरिय अस्पताल स्थापना तथा सञ्चालनको लागि अस्पताल अवलोकन गर्न देहाय बमोजिमको समिति गठन गर्ने ।

क) सुक बहादुर गुरुङ्ग — संयोजक
ख) वेल बहादुर कार्की
ग) दिपेन्द्र लामिछाने
घ) मानबहादुर ~~कार्की~~ अधिकारी
ङ) प्रविन पोखेल
च) कृष्ण कुमारी मल्ल
छ) दिनेश शर्मा
ज) उमेश अधिकारी
झ) प्रकाश सुवेदी
ञ) प्रकाश चन्द्र सुवेदी

**निर्णय नं.४.** मिति २०८१ असार २६,२७ गते परेको अविरल बर्षाको कारण मोदी गाँउपालिका देउपुर,देउराली र भुक जोड्ने पातिचौर,देउपुर,लप्सीबोट सडक खण्ड क्षत विक्षत भई यातायात आवागमनमा अवरोध भएकाले दशै तिहार लगायतका चाडपर्व नजिकिदै गरेको र उक्त बाटो तत्काल खुलाउन परेको हुदा विपद् व्यव्स्थापन कोषबाट खर्च गर्ने गरी प्राविधीक लागत अनुमानको आधारमा रु.४,७५०००(चार लाख पचहत्तर हजार) **सुनचाप पहिरो व्यवस्थापन तथा मोटरबाटो मर्मत सम्भार** समितिलाई विनियोजन गरी तत्काल कार्य अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

### मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-....

मिति :- २०८१/०६/२० गते

आज मिति २०८१ साल असोज २० गते आईतबारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक बहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | — | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | २०८१/०६/२० | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक बहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी वि.क | सदस्य | Laxmi | |
| १३ | श्री शान्ता आले | सदस्य | शान्ता | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | — | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | Rita | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | डिलमाया | |

अन्य उपस्थिति:

रमा सुवेदी ([illegible])

पुनित पौडेल प्रशासकीय अधिकृत

[illegible] प्रसाद आचार्य - लेखा सहायक

[illegible] लामिछाने - लेखा अधिकृत

देवी शाही मल्ल

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पर्वत, गण्डकी प्रदेश, नेपाल

CamScanner

कार्यपालिकाको बैठक मिति २०८१/०६/२० गतेको निर्णय

**निर्णय नं. १** कार्यपालिकाको मिति २०८१ भदौ १७ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो ।

**निर्णय नं.२.** मौसमजन्य विपद्को कारण क्षती भएका सडकहरु मर्मत तथा सरसफाई गर्ने र सरसफाई भएका सडकहरुको लागत अनुमान र मुल्यांकनको आधारमा खर्च भएको रकम रु १५,९२,२००(पन्ध्र लाख,बयानब्बे हजार,दुई सय)रुपैया विपद् व्यबस्थापन कोषबाट खर्च बेहोर्ने गरी श्रोत सुनिश्चित गर्ने साथै सडक सरसफाई तथा मर्मतमा नपुग रकम प्राविधिक लागत स्टमेट,मुल्याकंन बमोजिम औचित्य र मितव्ययिता र आवश्यकताको आधारमा विपद् व्यबस्थापन कोषबाट खर्चको श्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३.** पालिकाको १० शैयाको गाँउ आधारभुत अस्पताल संञ्चालन सम्वन्धमा आवश्यक उपकरणको व्यवस्था,जनशक्ति,संचालनको ढाँचा लगायतका विषयमा थप छलफल गरी प्रकिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.४.** सहकारी ऐन २०७५ तथा प्रादेशिक एंव मोदी गाँउपालिकाको सहकारी ऐन/नियमावली वमोजिम सहकारीहरु संचालन भए/नभएको सम्बन्धमा मोदी गाँउपालिका भित्र संचालित सहकारीहरुको अनुगमन,सुपरिवेक्षण र नियमन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५.** विभिन्न मितिमा कार्यपालिका बैठकमा भएको निर्णय र छलफल अनुसार पालिका भित्रका खोला नदीमा गैरकानुनी उत्खनन्,चोरी निकासी रोक्न सरोकारवाला निकाय संग आवश्यक समन्वय गरी प्रभावकारी अनुगमन,निरक्षण गरी कानुन विपरितका कार्य रोक्ने र कर तथा कारवाहीको दायरामा ल्याउने भनी गरिएका निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६.** विपद् व्यबस्थापन सम्बन्धी कार्यविधि २०८१को दफा ५ बमोजिमको विपद् व्यबस्थापन कोष स्थापना र संचालन गर्ने साथै विपद् व्यबस्थापनका लागी सोही कोषबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.७.** विषयगत शाखा सँग सम्बन्धित कार्यविधिहरुको प्रभावकारी कार्यान्वयनका लागि शाखाहरुवाट प्रस्ताव,राय,सुझाव माग गरी आवश्यक संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८.** भेटनेरी प्रयोगशाला संचालन गर्नका लागी पालिका सँगैको श्री पशुपति आधारभुत विद्यालयको भवनमा रहेको कोठालाई प्राविधिक लागत अनुमान अनुसार मर्मत गरि प्रयोग गर्ने।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

निर्णय नं.९. मोदी गाँउपालिकाको बालकल्याण कोष(स्थापना र संचालन)कार्यविधि २०८०को दफा ३ बमोजिमको बालकल्याण कोष स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं.१०. मोदी गाँउपालिकाको स्थानीय वन ऐन तर्जुमा गर्ने निर्णय गरियो ।

निर्णय नं.११. मोदी गाँउपालिकाको जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि २०७७को दफा ९ बमोजिमको गाँउ जलश्रोत गठन गर्ने निर्णय गरियो ।

निर्णय नं.१२. मोदी गाँउपालिका गाँउकार्यपालिका कार्यालय मातहत निकायको सांगठानिक सुदृढीकरण चुस्त स्थानीय शासनको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण **(O&M)**को प्रस्तावित ढाँचा तयार गरी पेश गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

निर्णय नं.१३. मोदी गाँउपालिका गाँउकार्यपालिका कार्यालय मातहत कार्यालयमा कार्यरत कर्मचारीहरुको पदस्थापन,सरुवा तथा कामकाज खटाउने सम्बन्धी मापदण्ड तर्जुमा गर्ने निर्णय गरियो ।

निर्णय नं.१४. वडा नं.१ भुकतागंलेमा भएको स्थानीय बालमैत्री शासन युक्त वडा घोषणा कार्यक्रम खर्च २,१२,०९५ (दुईलाख बाह्र हजार पञ्चानब्बे) अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.१५. मिति २०८१ साल असार २३ देखि २०८१ साल साउन २३ सम्ममा यस पालिका द्वारा सञ्चालित एस इ ई ग्रेड वृद्धि कक्षाको जम्मा खर्च जम्मा खर्च रु ११४७९७ अक्षेरुपी रु एकलाख चौधहजार सात सय सन्तानब्बे रुपैयाँ अनुमोदन गर्ने र उक्त रकम सम्बन्धीत शीर्षकबाट भुक्तानि दिने निर्णय गरियो । साथै मोदी गाँउपालिकाको सहयोगमा २०८१ भदौ १ र २ नवज्योती थम मा वि मोदी १ शेराबेसीमा सञ्चालित पालिका स्तरीय शिक्षक भलिवल प्रतियोगिताको जम्मा खर्च रु ६२००० अक्षेरुपी बैसट्ठी हजार अनुमोदन गर्ने निर्णय गरियो

निर्णय नं.१६. मोदी गाँउपालिका अन्तर्गतका विद्यालयहरुको आ व २०८०।८१ को लेखा परीक्षणका लागि विद्यालयहरुसंग नियमावलीको व्यवस्था अनुसार लेखा परीक्षक माग गरि मंसिर महिना सम्ममा सिफारिस गर्ने तथा सबै विद्यालयहरुको लेखा परिक्षण २०८१ फागुन मसान्त सम्ममा सम्पन्न गरि प्रतिवेदन कार्यालयमा पेश गर्ने अन्यथा भएमा विद्यालयको कारोबार खाता रोक्का गर्ने गरि आवश्यक कार्यसम्पादन गर्न शाखालाइ निर्देशन गर्ने ।

निर्णय नं.१७. विद्यालयहरुको शैक्षिक गतिविधिलाई थप व्यबस्थित गराउन वडा शिक्षा समितिको समन्वय सहजिकरण तथा नियमनकारी भूमिकालाई थप व्यबस्थित गर्ने निर्णय गरियो । साथै विद्यालय व्यबस्थापन समितिको गठन तथा पूर्णता र गठनलाइ तोकिएको समयावधिमा सम्पन्न गर्न आवश्यक सहजिकरण गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

**निर्णय नं.१८.** आ व २०८१।८२ का लागि शिक्षा नियमावलीको व्यवस्था बमोजिम विद्यालयहरुमा करारमा शिक्षक तथा कर्मचारी छनोट गर्ने प्रयोजनका लागि मातहतका विद्यालयहरुमा कार्यरत वा छिमेकी स्थानीय तहहरुका विद्यालयहरुमा कार्यरत तोकिए बमोजिमको योग्यता वा उच्चतम तह/योग्यता भएका शिक्षक वा प्राध्यापकहरुलाई नियमानुसार विषयविज्ञका रुपमा प्रयोग गर्न सकिने तथा सो को व्यवस्थापन सम्वन्धित शाखा र अधिकारीको सहजिकरणमा हुने निर्णय गरियो ।

**निर्णय नं.१९.** यस गाँउपालिका अन्तर्गत प्रचलित नियमको अधिनमा रही सञ्चालनमा आएका निजी शैक्षिक सस्था, छात्राबास तथा ट्युसन सेन्टर वा सेवाप्रदायकहरुको शुल्क संरचना तथा अनिवार्य तथा निशुल्क शिक्षा ऐन वमोजिम छात्रवृतिको अवस्थावारे अनुगमन अध्ययन अवलोकन गरि प्रतिवेदन पेश गर्न शिक्षा युवा तथा खेलकुद उपशाखालाइ निर्देश गर्ने निर्णय गरियो साथै विद्यालय अनुगमन शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्थापन गर्ने कार्यलाइ थप व्यवस्थित बनाउदै लैजाने निर्णय गरियो।

**निर्णय नं.२०.** मोदी गाँउपालिका वडा नं ४ मा सञ्चालित तपसिल बमोजिमका विद्यालयहरुले साविकको नाम परिवर्तन गर्नका लागि आवस्यक कागजात सहित पेश हुन आएका निवेदन माथि छलफल गर्दा तहाँ सञ्चालित विद्यालयको नाम सामयिक महत्व सामाजिक सास्कृतिक प्रतिनिधित्व भौगोलिक विशेषता र प्राकृतिक सम्पदा समेत झल्कने तथा साविकको विद्यालय नामको दोहोरोपन समेतलाई मध्येनजार गर्दै देहाय अनुसार कायम हुने गरि निर्णय गरियो साथै विद्यालयको नाम परिवर्तन सम्बन्धमा सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्रम संख्या | साविकको नाम | परिवर्तन पछि कायम हुने नाम |
|---|---|---|
| १ | शालिजा माध्यमिक विद्यालय मोदी-४ | लेस्पार माध्यमिक विद्यालय मोदी-४ |
| २ | गुरुङ्गगाउँ आधारभूत विद्यालय मोदी-४ | खुइजरी आधारभूत विद्यालय मोदी-४ |
| ३ | वाजुङ्ग आधारभूत विद्यालय मोदी-४ | क्याङ कबकिली आधारभूत विद्यालय मोदी-४ |

**निर्णय नं.२१.** आ.व २०८०/८१मा मोदी गा.पामा चालु मसलन्द कार्यालय सामाग्री अन्तर्गतको खर्च शीर्षकबाट गोश्वरा भौचर नं.१११२ बाट प्रोसाईज सोलुसन प्रा.लीलाई भुक्तानी गरिएको चेक सटही हुन नपाई फिर्ता भएकाले गोश्वरा भौचर नं.११३५बाट भुक्तानी रिभर्स भएकाले उक्त रकम यस आ.वमा मसलन्द तथा कार्यालय सामाग्री शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२.** मोदी गा.पा को मिति २०७९/०४/२५ को कार्यपालिकाको निर्णय नं ४ अनुसार पातिचौर खाद्यान्न कोल्ड च्याम्बर निर्माणको लागि खेम बहादुर हमाल र बुद्दि कुमारी हमालको नाममा रहेको कित्ता नं. ३१२ क्षेत्रफल ०-५-०-०जग्गा निशुल्क दान लिने निर्णय भएकोमा

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

२०७९/०४/३१ को जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धि कार्यनीति २०७९ को दफा ५ बमोजिमको समितिको निर्णय अनुसार मोदी गाउँपालिका वडा नं २ बस्ने श्री सर्व बहादुर हमालको छोरा श्री खेम बहादुर हमालको नाममा मोदी गापा वडा नं २ कित्ता नं ३१२ क्षेत्रफल ०-०-०-१ र निजको श्रीमती श्री वुद्दि कुमारी हमालको नाममा रहेको कित्ता नं ३१३ क्षेत्रफल ०-७-०-१ वाट ०-४-२-३ समेत दुइ कित्ता गरि जम्मा क्षेत्रफल (०-४-३-०) गाउँपालिकाको पातिचौर खाद्यान्न कोल्ड च्याम्वर निर्माणको लागि निशुल्क रुपमा जग्गा दान दिन मञ्जुर भएकोले सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धि कार्यनीति, २०७९ बमोजिम गाउँपालिकाको नाममा जग्गा प्राप्त गर्न आवश्यक प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

१.
बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

<u>मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु</u>

बैठक संख्या-.१.

मिति :- २०८१/०७/२९गते

आज मिति २०८१ साल कार्तिक २९ गते विहिबारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

<u>उपस्थिती :</u>

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी वि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

**अन्य उपस्थिति:** रेश्मा सुवेदी (अध्यक्ष [illegible])

प्रविन पोख्रेल - प्रशासकीय अधिकृत

[illegible] - लेखा अधिकृत

भुपेन्द्र सुवेदी - कार्यालय सहायक

टीका कुमारी लामीछाने - कार्यालय सहयोगी

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पातीखोर, पर्वत, गण्डकी प्रदेश, २०७३

CamScanner

## कार्यपालिकाको बैठक मिति २०८१/०७/२९ गतेको निर्णय

**निर्णय नं. १** कार्यपालिकाको मिति २०८१ असोज २० गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो ।

**निर्णय नं. २** मोदी गाउँपालिका वडा नं २ ३ र ५ मा पर्ने पातिखोला र वडा नं ६ मा पर्ने रतिखोलाबाट ढुंगा गिटी बालुवा उत्खनन गर्नको लागी मिति २०८०।०९।२४ को कार्यपालिकाबाट स्वीकृत IEE प्रतिवेदन एवं मिति २०८१।०७।२८ गतेको राजश्व परामर्श समितिको बैठकको सिफारिस अनुसार चालु आ व २०८१।०८२ मा १० वटा बगरहरुबाट ३१४६४.८४ घन मिटर ढुंगा गिटी बालुवा उत्खननको लागी सार्वजनिक खरिद ऐन २०६३ को व्यवस्यथा बमोजिम आय ठेक्का आव्हान गर्ने ।

**निर्णय नं३.** मोदी गाउँपालिका भित्रका गर्भवती आमा तथा शिशुको पोषणको विद्यमान अवस्थामा सुधार गर्नको लागी स्वास्थ्य शाखाबाट प्रस्तावित पोषण कार्यक्रम सम्बन्धी कार्ययोजना २०८१।०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्दै स्थानिय उत्पादनको प्रभावकारी बजारीकरण गरी किसानको आयस्तर सुधार गर्न कार्यक्रम संचालनको लागी कार्यालय सँग सम्झौता गर्ने कृषी सहकारी र कार्यालयको साझेदारीमा जोखिम कोष स्थापना गर्न र उक्त कोष संचालन तथा व्यवस्थापन सम्बन्धमा हाल कार्यान्वयनमा रहेको उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि २०८० मा आवश्यक संशोधन गर्ने ।

**निर्णय नं. ५** बालमैत्री स्थानिय शासन घोषणा कार्यवधि २०७९ अनुसार मोदी गाउँपालिका वडा नं ४ र वडा नं ६ लाई बालमैत्री वडा घोषणाको लागी कार्यविधिमा उल्लेखित व्यवस्था अनुसार आवश्यक प्रक्रिया शुरु गर्ने ।

**निर्णय नं. ६**मोदी गाउँपालिका वडा नं ७ राम्जा स्थित राम्जा देउराली आर्युविद आषधालयले भाडामा लिएर प्रयोग गर्दै आईरहेको भवनको मिति २०८० श्रावण देखि २०८१ असार मसान्त सम्मको भाडा वापतको रकम रु ४८००० अक्षरेपी रु अठ्चालिस हजार मात्र मा कर कट्टी गरी हुन आउने रकम रु ४३२००।०० अक्षरेपी रु त्रिचालिस हजार मात्र चेक नं ०१२७१९७११४००१०१ बाट सम्बन्धित घरधनिको खातामा जम्मा गर्नको लागी चेक जारी भएकोमा प्राविधिक कारणवश घरधनिको खातामा जम्मा हुन नसकी चेक फिर्ता हुन आएकोले आवश्यक प्रक्रिया पुरा गरी भुक्तानीको लागी आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७** २०८१।०८।०५ गते अन्तर्राष्ट्रिय बाल अधिकार दिवस (नोभेम्वर २०) को अवसरमा मोदी गाउँपालिका भित्रका आधारभुत विद्यालय स्तरिय बक्तित्वकला प्रतियोगिता गरी मनाउने तथा २०८१ मंसिर

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

९ गते मोदी गाउँपालिका उद्यमी लगायतका सरोकारवाला निकाय सँग अन्तरक्रिया कार्यक्रम गरी उद्योग दिवस मनाउने निर्णय गरियो ।

**निर्णय नं. ८** सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा लिने सम्बन्धी कार्यनिति २०७९ को दफा ५ को उपदफा २ बमोजिम मिति २०८१।०७।२८ मा निशुल्क रुपमा प्राप्त भएको मोदी गाउँपालिका वडा नं २ साविक देउपुर गा वि स वडा नं ९ स्थित कित्ता नं १६९८ क्षेत्रफल ०-६-३-० को जग्गामा रहेको निर्माणाधिन शित भण्डारलाई चालु आ व मा प्राविधिक लागत अनुमान बमोजिम संरचना परिसरको सरसफाई गर्ने, भुइँ ढलान गर्ने, ढोका राख्ने र भर्याङको भाग ढाक्ने लगायतका मर्मत संभार गर्ने तथा आगामी आर्थिक वर्षमा आवश्यक बजेट विनियोजन गरी निर्माण कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ९** मोदी गाउँपालिका गाउँ कार्यापालिका सँगै रहेको पशुपति आधारभुत विद्यालयको भवनको मर्मत गरिदिन श्री पशुपति आधारभुत विद्याल पातीचौर पर्वतको च.नं. ३२ मिति २०८२।०७।२८ को पत्रबाट अनुरोध भई आएको र मोदी गाउँपालिकाको शिक्षा शाखाबाट उक्त विद्यालयको भवन मर्मत सम्भारको लागी प्रस्ताव गरिएको हुँदा प्राविधिक लागत अनुमान बमोजिम आवश्यक रकम रु १४१६५०।– (अक्षरेपी रु एक लाख एकचालिस हजार छ सय पचास मात्र) को लागतमा विद्यालय भवन र कक्षा कोठाहरु मर्मत सम्भार गरी अर्को व्यवस्था नभएसम्मको लागी कार्यालयले हलको रुपमा प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** गत आ व २०८०।०८१ को महालेखा परिक्षकको कार्यालयको प्रारम्भिक प्रतिवेदनले औंलायका नियमित गर्नुपर्ने, असुलउपर गर्नुपर्ने लगायतका वेरुजुहरुको नियमित एवं सम्परिक्षण गर्नको लागी आवश्यक प्रमाणहरु पेश गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने तथा असुल गर्नुपर्ने वेरुजुको हकमा सम्वन्धित पक्षलाई लिखित रुपमा जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ११** मनसुनजन्य तथा चाडपर्व लक्षित मोटरबाटो सरसफाई सम्बन्धी कार्यविधि को संशोधन गर्ने ।

**निर्णय नं. १२** कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

**निर्णय नं. १३** महालेखा परिक्षकको कार्यालयको आ व २०८०।०८१ को प्रारम्भिक प्रतिवेदनले औंलाय बमोजिम फौजदारी र देवानि प्रकृतिका कसुर सम्बन्धी विषय संघिय सरकारको क्षेत्राधिकार भित्र पर्ने भएकोले सो प्रतिकुल हुने गरी मोदि गाउँपालिकाको सहकारी ऐनको दफा ८० मा उल्लेखित व्यवस्थालाई संविधान एवं संघिय तथा प्रदेश कानुन सँग नबाझिने गरी संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४** मोदी गाउँपालिका भित्रका कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिहरुले प्रयोग गरेका मोटरसाईकलहरु तथा ल्यापटप एवं मोबाईल फोनहरु कार्यालयको स्टोरमा दाखिला गर्न लगाई आवश्यकता, औचित्यता ,पदिय मर्यादा, शाखाको कामको चापको आधारमा शाखा प्रमुखको जिम्मेबारीमा रहने गरी सवारी साधनहरुको वितरण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

**निर्णय नं. १५** आन्तरिक स्रोत शिक्षक व्यवस्थापन तर्फ कार्यालयलाई थप आर्थिक दायित्व सृजना नहुनेगरी विद्यार्थी संख्या, शिक्षक विद्यार्थी अनुपातलाई मध्यनजर गर्दै आवश्यकता र औचित्यताको आधारमा चालु शैक्षिक सत्र सम्मका मात्र गाउँपालिका अनुदान तर्फका शिक्षक व्यवस्थापन अन्तर्गत,

१.हलहले आधारभूत विद्यालय को लागी रु २५००००।–( अक्षरेपी रु दुई लाख पचास हजारमात्र)

२.जनआदर्श आधारभुत विद्यालय का लागि रु २५००००।– (अक्षरेपी रु दुई लाख पचास हजारमात्र)

३. नवज्योती आधारभुत विद्यालयको लागी रु ४५००००।– (अक्षरेपी रु चार लाख पचास हजार मात्र) ,
४.जनकल्याण प्रा वि देउरालीको लागी रु ५००००।– (अक्षरेपी रु पचास हजार मात्र)

५.महेन्द्र प्रा.वि दराकको लागी रु १२००००।–(अक्षरेपी रु एक लाख बिस हजार मात्र) अनुदान वापत उपलब्ध गराउने र शैक्षिक सत्र २०८२ देखि विद्यार्थी संख्या, शिक्षक विद्याथी अनुपात समेतको विश्लेषणको आधारमा मात्र विद्यालय शिक्षकका लागी गाउँपालिका अनुदान सम्वन्धमा आवश्यक व्यवस्था हुने निर्णय गरियो ।

**निर्णय नं. १६** गाउँ कार्यपालिका सदस्य श्री रमेश खत्रीका पिता तथा न्यायिक समिति सदस्य श्री नन्दमाया पुनको आमाको दुखद निधन प्रति मोदी गाउँपालिका परिवारको तर्फबाट मृतक प्रति हार्दिक श्रद्धान्जली अपर्ण तथा शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना दिने निर्णय गरियो ।

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पर्वत गण्डकी प्रदेश, नेपाल

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-....

मिति :- २०८१/०८/२७गते

आज मिति २०८१ साल मंसिर २७ गते बिहिबारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिब | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | — | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | — | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | — | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति:

रमा सुवेदी ( अध्यक्ष ज्यूको सचिवालय )

टंकाराम लामिछाने - लेखा अधिकृत

नारायण प्रसाद आचार्य - लेखा सहायक

[illegible] कुँवर - कार्यालय सहायक

हरिमाया कुँवर कार्यालय सहयोगी

## मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८१/०८/२७ गतेको निर्णय

**निर्णय नं.१** कार्यपालिकाको मिति २०८१ कार्तिक २९ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो ।

**निर्णय नं.२** कर्मचारीको सरुवा तथा खटनपटन सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** मोदी गाउँपालिकाको साविक साविक सडक तथा भौतिक संरचना मर्मत सम्भार सम्बन्धी कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** गत आर्थिक वर्ष २०८०।०८१ को भुक्तानी बाँकी रहेका योजनाहरुको बाँकी भुक्तानी फरफारक नभएसम्म आकस्मिक वाहेकका नयाँ योजना सम्झौता नगर्ने र गाउँ कार्यपालिकाको कार्यालयबाट योजना सम्झौता लगायतका कानुनी प्रक्रिया पुरा भई योजना शुरुवातको लागी कार्यादेश प्राप्त नहुँदै कुनै पनि योजनाको काम शुरु गर्न अनुमती नदिने निर्णय गरियो ।

**निर्णय नं.५** नवज्योती आधरभूत विद्यालय मोदी ६ तिलाहारको परिसरभित्र आवतजावतको लागी प्रयोग हुने गोरेटो बाटोको अवस्था जिर्ण र जोखिमयुक्त रहेकोले उक्त बाटोको निर्माण तथा मर्मतको लागी विपद कोषबाट रु ७३८९०।- (अक्षरेपी रु त्रिहत्तर हजार आठ सय नब्बे मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.६** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७६ को उपदफा (३) को प्रावधान बमोजिम मोदी गाउँपालिकाको सार्वजनिक खर्चको चौमासिक प्रगति विवरण प्रत्येक त्रैमासिक अवधी समाप्त भएको लगत्तै बस्ने कार्यपालिका बैठकमा पेश गर्ने तथा प्रचलित ऐन नियमानुसार खर्च सार्वजनिकिकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.७** श्री शिव आधारभूत विद्यालय मोदी २ धारापानी पर्वतको स्वर्ण जयन्ती को अवसरमा विद्यालय भवनको रंगरोगन खेलकुद सामग्री खरिद र स्वर्ण जयन्ती समारोह व्यवस्थापनको लागी खर्चको औचित्यताको आधारमा रु पचास हजार मात्र कार्यक्रम खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.८** बजेट पुस्तिका **(Red Book)** खर्च शिर्षक नं २५३११ विद्यालय फर्निचर व्यवस्थापन कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु ३,००,०००।-अक्षरेपी रु तीन लाख श्री नवजागृत माध्यमिक विद्यालय मोदी ६ तिलाहारलाई आवश्यक फर्निचर खरिद गर्नको लागी प्रदान गर्ने निर्णय गरियो।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

निर्णय नं.९ घुरुङसेरा यूवा क्लव मोदी ३ घुरुङसेरा द्धारा आयोजित भलिबल प्रतियोगिताको प्रथम पुरस्कार बापतको रकम ५५,५५५।- (अक्षरेपी रु पचपन्न हजार पाँच सय पचपन्न) घूरुङसेरा युवा क्लवलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.१० वि सं २०८१ पौष १२ र १३ गते सेभ द हर्ट लाजिम्पाट काठमाण्डौ तथा मोदी गाउँपालिकाको सहकार्यमा वरिष्ठ मुटुरोग विशेषज्ञ डा अनिल भट्टराईको नेतृत्वमा संचालन गरिने निशुल्क मुटुरोग शिविरको व्यवस्थापनको लागी आवश्यक बजेट अध्यक्ष सँग दिदिबहिनी तथा उपाध्यक्ष सँग युवा कार्यक्रम मा विनियोजित बजेट बाट खर्च गर्नेगरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

निर्णय नं.११ मोदी गाउँपालिकाकामा स्थानिय उत्पादन अभिवृद्धि गर्न ,स्थानिय कृषी उपजमा आत्मनिर्भर बनाउन र कृषी उपजको उत्पादनको आधारमा अनुदान प्रदान मार्फत किसानको आर्थिक उन्नतीको लागी स्थानिय कृषी उपजको समर्थन मुल्य र कृषी उपज संकलन तथा बजारीकरणको लागी साझेदारी गर्ने सहकारी संस्थाहरु सँग लागत साझेदारीमा जोखिम कोष स्थापना गर्ने र जोखिम कोषको संचालन तथा व्यवस्थापन लगायतका प्रावधान समावेश गर्नेगरी प्रचलित कार्यविधिमा आवश्यक संशोधन गर्ने निर्णय गरियो।

निर्णय नं.१२ मोदी गाउँपालिकाको केहि ऐन संशोधन गर्ने ऐन २०८१ को विधयेक मस्यौदा गाउँसभामा प्रस्तुत गर्न कार्यपालिकामा प्रस्ताव सहित विधयेक पठाउन सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१३ कर्मचारी फिल्ड भत्ता कार्यविधि २०७९ को कार्यान्वयन सम्बन्धमा कार्यालयको आर्थिक क्षमता एवं कामको चापलाई मध्यनजर गर्दै फिल्डभत्तालाई कार्यसम्पादनमा आधारित हुने गरी फिल्ड भत्ता सम्बन्धी मापदण्ड बनाई लागु गर्ने निर्णय गरियो ।

निर्णय नं.१४ मोदी गाउँपालिका वडा नं १ स्थित भवानी आधारभूत विद्यालय भवनको ३ वटा कोठाको लागी ट्रस निर्माणको लागी प्रविधिक लगत बमोजिम आवश्यक बजेट पुंजीगत कार्यक्रमबाट स्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

निर्णय नं.१५ मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा आउने बाटो ढलान गर्ने क्रममा मोदी गाउँपालिका वडा नं २ देउपुर निवासी डिल्लीराम पौडेलको गोठ विस्थापन गर्नु परेको हुँदा गोठ पुर्नस्थापनानाको लागी रु ३५०००।- ( )र ऐ बस्ने वेद प्रसाद तिमिल्सिनालाई मिति २०८१ असार २६ गतेको अविरल वर्षाको कारण पुर्ण रुपमा क्षति भएको गोठ तत्काल स्थानान्तरणको लागी रु २००००/-(अक्षरेपी रु बिस हजार मात्र) नगदै प्रदान गरिएको हुँदा उक्त खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.१६ गरिव घरपरिवार पहिचान सर्भेक्षण २०७८ आधारित गरिब घरपरिवार सुची स्वीकृत गर्ने र उक्त सुची गुनासो सुनुवाईको लागी मोदी गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु तथा मोदी गाउँपालिका भित्रका महत्वपुर्ण सार्वजनिक स्थलहरुमा टाँस गर्ने निर्णय गरियो । गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण

बाबुराम पुरी
प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

कार्यक्रम गुनासो सुनुवाई मार्गदर्शन २०७८ बमोजिमको गुनासो सुनुवाई समितिमा कार्यपालिकाको महिला सदस्यको रुपमा कार्यपालिका सदस्य श्री सन्तोषी वि क लाई तोक्ने निर्णय गरियो ।

निर्णय नं.१७ आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गरी स्थानिय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन २०७९ अनुसार गाउँ शिक्षा योजना तर्जुमा तथा कार्यान्वयन गर्न मोदी गाउँपालिकाको सामाजिक विकास समितिको अध्यक्ष श्री शुक बहादुर गुरङको संयोजकत्वमा तपशिल बमोजिमको गाउँ शिक्षा योजना तर्जुमा समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| क.स.१ | श्री सुक बहादुर गुरुङ | संयोजक ,सामाजिक विकास समिति | संयोजक |
| २ | श्री भूमिराज शर्मा | शिक्षक,श्री जननेत्र मा वि मोदी २, | सदस्य |
| ३ | श्री उद्मिम राज पौडेल | निवर्तमान प्रमुख,शिक्षा विकास तथा समन्वय ईकाई पर्वत, | सदस्य |
| ४ | श्री विष्णु प्रसाद सुवेदी | प्रधानाध्यापक,श्री नवजागृत मा वि मोदी ६, | सदस्य |
| ५ | श्री दिनेश शर्मा | शिक्षा अधिकृत, मोदी गाउँपालिका | सदस्य सचिव |

निर्णय नं.१८ गाउँपालिक भित्र रहेका जलस्रोतको उपयोग तथा नियमन एवं अनुमति प्रदान गर्ने प्रयोजनको लागी मोदी गाउँपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि २०७७ को दफा (९) को उपदफा (२) बमोजिम तपशिल बमोजिमको गाउँ जलस्रोत समिति गठन गर्ने तथा ऐ कार्यविधिको उपदफा (७) बमोजिमको प्रक्रिया पुरा गरी उपभोक्ता संस्था दर्ता गरी दर्ता प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| क.स.१ | श्री हिरादेवी शर्मा | अध्यक्ष,मोदी गाउँपालिका | अध्यक्ष |
| २ | सम्वन्धित वडाको वडाध्यक्ष | | सदस्य |
| ३ | श्री नवीन शाही | प्राविधिक शाखा प्रमुख | सदस्य |
| ४ | श्री सुष्मा सापकोटा | कृषी शाखा प्रमुख | सदस्य |
| ५ | वन डिभिजन कार्यालयको अधिकृत प्रतिनिधि | | सदस्य |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| ६ | श्री रिता सुनार | गाउँ कार्यपालिका सदस्य | सदस्य |
| ७ | श्री राजेन्द्र बहादुर थापा | खानेपानी सहायक टेक्निसियन | सदस्य |
| ८ | श्री बाबुराम पुरी | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्णय नं.१९** मोदी गाउँपालिकाको उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि २०८० को दफा (१२) को उपदफा १ बमोजिम कृषकलाई बिक्रिको आधारमा सहकारीहरु मार्फत फलफूलको हकमा जम्मा विक्री मुल्यको पाँच प्रतिशत रकम अनुदान दिने कानुनी व्यवस्था बमोजिम चालु आर्थिक वर्ष २०८१।०८२ मा सुन्ताला उत्पादन गर्ने किसानहरुलाई उत्पादनमा आधारित अनुदान प्रदान गर्ने प्रयोजनको लागी न्यूनत्तम समर्थन मुल्य कार्यान्वयन कार्यवधि २०७९ को अधिनमा रहि मोदी गाउँपालिका भित्र उत्पादन हुने सुन्तालाको न्युनत्तम समर्थन मुल्य प्रतिकेजी रु पचास तोक्ने निर्णय गरियो ।

**निर्णय नं.२०** लायन्स ईन्टरनेशनल डिष्ट्रिक ३२५ आई नेपालको तेस्रो क्याविनेट बैठकको लागी आर्थिक सहयोगको माग भएको हुँदा मोदी गाउँपालिकाको आर्थिक सहायता सम्वन्धी कार्यवधिको अधिनमा रहि रु बीस हजार मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१** नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति पर्वतको आयोजनामा मिति २०८१ मंसिर ११ गते आयोजना गरिएको जिल्ला स्तरिय हाजिरी जवाफ प्रतियोगिता कार्यक्रमको प्रस्ताव लगायतका कागाजत एवं बिल भर्पाई लगायतका प्रमाण एवं शिक्षा शाखाको टिप्पणी एवं रायको आधारमा प्रथम द्धितिय र तृतिय पुरस्कार वापतको रकम रु बयालिस हजार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२** स्रोत अभावको कारण गत आ व २०८०।०८१ मा संचालित योजना तथा कार्यक्रमहरुको चालु आ व २०८१।०८२ म समयमै भुक्तानी हुन नसकेको हुँदा योजना तथा कार्यक्रमको लागी कुल विनियोजित रकममा तात्विक फरक नपर्ने गरी प्रचलित ऐन नियमावलीहरुको अधिनमा रहि आवश्यकता अनुसार स्रोत संशोधन गरी भुक्तानी गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

निर्णय नं.२३ बजेट पुस्तिकाको क्र सं २६१ खर्च शिर्षक नं २५३११ आवासीय विद्यालय अनुदान शिर्षकमा विनियोजित बजेट मध्येबाट पुर्ण आवासिय तर्फ

१. श्री जनसिद्ध मा. वि. चित्रेलाई (५,५०,०००) अक्षेरुपी रु पाँच लाख पचास हजार ।
२. भूक देउराली मा.वि. मोदी १ दिवा आवासीय तर्फ एसईई मा न्यून नतिजा हासिल गर्ने विद्यार्थीको लागि रु (२,००,०००) अक्षेरुपी दुई लाख ।
३. लेस्पार मा. वि. मोदी ४ लेस्पारलाई रु(१,५०,०००) एक लाख पचास हजार।
४. नवज्योती थम मा. वी. मोदी १ रु(१,५०,०००) एक लाख पचास हजार।
५. पशुपती मा. वि. मोदी ७ लाई रु(१,५०,०००) एक लाख पचास हजार ।
६. हिमालय मा. वि. मोदी ३ लाई रु(१,५०,०००) एकलाख पचास हजार ।
७. जननेत्र मा. वि. मोदी २ देउपुर लाई (१,५०,०००) एकलाख पचास हजार अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत
बाबुराम पुडासैनी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

अध्यक्ष
हिरादेवी शर्मा
अध्यक्ष

# मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८१/०९/२१गते

आज मिति २०८१ साल पौष २१ गते आईतबारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री विमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक बहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक बहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी वि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति:

## मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८१/०९/२१ गतेको निर्णय

**निर्णय नं.१** कार्यपालिकाको मिति २०८१ मंसिर २४ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गर्दै। बाँकी निर्णयहरुको यथाशिघ्र कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२** चालु आर्थिक वर्ष २०८१।०८२ को गाउँसभाको सोह्रौ (१६औं) अधिवेशन २०८१/०९/२९ गते आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** चालु आर्थिक वर्ष २०८१।०८२ को प्रथम चौमासिक अवधीको आन्तरिक लेखा परिक्षण प्रतिवेदनमा औंलाईएका विषयहरुको सम्बन्धमा कार्यालयका शाखा,उपशाखा तथा मातहतका वडा कार्यालयहरुले लेखापरिक्षण सँग सम्बन्धित प्रचलित ऐन नियम बमोजिम आवश्यक प्रमाण पेश गर्ने लगायतका कार्यहरु सम्पन्न गर्ने गराउने तथा चालु आ व २०८१।०८२ को दोस्रो चौमासिक अवधीमा पहिलो चौमासिक अवधीको आन्तरिक लेखापरिक्षणबाट देखिएका समस्यहरु नदोहोरिने व्यवस्थाका लागी प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.४** मोदी गाउँपालिकाको जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि २०७७ को दफा २ को खण्ड घ को उपभोक्ता समितिको परिभाषामा साविकमा रहेको जलउपभोक्ता समिति र खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनुपर्दछ भन्ने उल्लेख भएकोमा उपभोक्ता समितिको परिभाषामा सिंचाई उपभोक्ता समिति र खानेपानी तथा सरसफाई उपभोक्ता समिति थप गर्ने र ऐ कार्यविधिको अनुसुची १ र २ मा समेत संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** मोदी ५ बाजुङ स्थित भूमेकोट टोल सुधार समितिले हरितालिका तिज २०८१ को अवसरमा आयोजना गरेको विविध खेलकुद कार्यक्रमको प्रथम पुरस्कार वापतको रकम रु २५१५० अक्षरेपी रु पच्चिस हजार एक सय पचास मात्र मोदी गाउँपालिकाको आर्थिक सहायता सम्वन्धी कार्यविधिको अधिनमा रहि उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६** श्री जिल्ला प्रहरी कार्यालय पर्वतको च नं ९७३ मिति २०८१।०९।१२ को पत्रानुसार मोदी गाउँपालिका वडा नं ६ स्थित प्रहरी चौकी देउपुर डिमुवा पर्वतको स्तरोन्नती गर्दा हालको जग्गा अपुग हुने भएकोले मोदी गाउँपालिका वडा नं ६ डिमुवा बजारलाई मुख्य केन्द्र मानी न्यूनतम ५ रोपनी वा सोभन्दा बढी सडक खण्ड सँग जोडिएको विद्युत र खानेपानीको सहज पहुँच भएको उपर्य स्थानमा जग्गा प्रासीको लागि गाउँपालिकाबाट आवश्यक पहल गरिदिनुहुन भनी लेखि आएको र हाल डिमुवामा रहेको प्रहरी चौकी देउपुरको स्तरोन्नती गर्नुपर्ने आवश्यकता समेतलाई मध्यनजर गर्दै मोदी गाउँपालिका वडा नं ६ मा उपयुक्त जग्गाको खोजी कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं.७** श्री राजश्व अनुसन्धान विभागबाट मोदी गाउँपालिकालाई उपलब्ध गराएको र हाल कार्यालयको नाममा दर्ता गर्ने प्रक्रियामा रहेको State 2 -001-0534 नं को स्करपियो गाडीको मर्मत सम्भारमा खर्च

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

भएको रकम रु ४७९४३०।- अक्षरेपी रु चार लाख उनान्असी हजार चार सय तीस मात्र खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** मोदी गाउँपालिका वडा नं ४ क्याङमा बालबालिका मैत्री हात धुने स्थान निर्माण समितिलाई उक्त संरचना निर्माण वापत गत आर्थिक वर्षमा भुक्तानी दिन बाँकी रहेको भुक्तानी रु ३५०००। अक्षरेपी रु पैतिस हजार मात्र भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९** लोक सेवा आयोगको कार्यालय बागलुङको विज्ञापन नं १३४५६।०७५-०७६ खुला प सं २०७६।०७७ च नं १३० मिति २०७६।०८।२३ को पत्रानुसार यस कार्यालयको रिक्त प्रशासन सेवा सामान्य प्रशासन समुह सहायकस्तर पाचौं तहमा सिफारिस तथा मिति २०७६।०८।२६ मा यस कार्यालयमा पदस्थापन भई श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाण्डौको च नं १४४५ मिति २०७७।११।२१ को कामकाज गर्न खटाइएको पत्रानुसार यस कार्यालयबाट दुल्लु नगरपालिका दैलेखमा कामकाजमा खटाइनुभएका कर्मचारी संकेत नं २३५७९२ को श्री भक्त बहादुर खड्काले कर्णाली प्रदेश स्थानिय सेवाको गठन संचालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१को दफा १३६ बमोजिम कामकाज गरिरहेकै स्थानिय तहमा पदस्थापन हुन पदाधिकार रहेको पालिका र कामकाज गरिरहेको पालिकाको कार्यपालिकाको निर्णय आवश्यक पर्ने भएकोले दुल्लु नगरपालिका दैलेखमा पदस्थापन हुनका लागी आवश्यक निर्णयको लागी यस कार्यालयमा मिति २०८१।०९।१६ मा निवेदन पेश गर्नुभएको हुँदा कर्णाली प्रदेश सरकारबाट जारी भएको स्थानिय सेवाको गठन संचालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१ को दफा १३६ को पदस्थापना सम्बन्धी व्यवस्था अनुसार ऐ दफाको उपदफा २ बमोजिम निवेदकले माग गरे अनुसार हाल कामकाज गरिहरेको कर्णाली प्रदेश जिल्ला दैलेख दुल्लु नगरपालिकाको सम्बन्धित सेवा समुहको पदमा पदस्थापना हुनको लागी यस कार्यालयबाट सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०** मोदी गाउँपालिकाको सडक तथा भौतिक संरचना मर्मत संभार सम्बन्धी कार्यविधि २०८१ को दफा ९ मा भएको व्यवस्था अनुसार ऐ कार्यविधि बमोजिमको आवश्यक प्रक्रिया पुरा गरी हाललाई प्रत्येक वडाको लागी एक जनाको दरले कुल आठ जना सम्मिलित सडक मर्मत समुह गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११** नेपाल सरकार शहरी विकास मन्त्रालय स्थानिय पूर्वाधार विकास विभाग झोलुङ्गे पुल शाखाको च नं १४४ मिति २०८१।०९।०२ को पत्रानुसार यस पालिकाको पैदल मार्गहरुमा पर्ने नदी नाला खोला खोचहरुमा तरी तराउ गर्न आधा घण्टा भन्दा बढको फेरो लगाउन नपर्ने गरी आवश्यक स्थानहरुमा प्राथमिकता अनुसार झोलुङ्गे पुलको मागको विवरण उपलब्ध गराउनुहुन भनि लेखि आएको हुँदा वडा कार्यालयहरुको सिफारिस समेतको आधारमा देहायको प्राथमिकताक्रम निर्धारण गरी झोलुङ्गे पुलको माग विवरण सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिखोर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

तपिशल

| क्र सं | पुलको नाम | वडा नं | खोलाको नाम | खोलाको अनुमानित लम्बाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | दराक आलाको चौर देखि तिलाहार देउराली निर्माणाधिन पञ्चासे पदमार्गमा पर्ने | ६ | रति खोला | १५० मिटर | |
| २ | झिलिबराङ तेने र ताप्राङ | १ | भुकताङ्ले रानीबन खोला | ५० मिटर | |
| ३ | राम्जा गोतामेथर चाउका देखि डाँडाखर्क | ७ | जरेखोला | ४९० मिटर | |
| ४ | मोदी ६ मोदीखोला मरेघाट देखि मोदी ५ पार्वती मन्दिर र वडा नं.२को छुची सम्म | ६ | मोदी खोला | १३० मिटर | मसानघाट रहेको स्थान |
| ५ | पाउँदुरखेत | ५ | पातीखोला | २०० मिटर | |
| ६ | हौसीखोरिया | ५ | हौसीखोरिया खोला | १०० मिटर | |
| ७ | खोलाखेत निद्रिखोला | ५ | निद्रीखोला | १५० मिटर | |
| ८ | तिलाहार साउनेपानी खरिबोट देखि गौरीजागर राटमाटा | ६ | रतिखोला | १३० मिटर | |

**निर्णय नं.१२** सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली २०७७ को नियम १४ को उपनियम २ बमोजिमको सुरक्षित मातृत्व तथा प्रजनन अधिकारको कार्यान्वियन गर्न मोदी गाउँपालिका वडा नं ८ चित्रे स्वास्थ्य चौकी र मोदी गाउँपालिका वडा नं ६ राम्जा तिलाहार स्वास्थ्य चौकीमा सुरक्षित गर्भपतन सेवा प्रदायक संस्थाको रुपम सुचिकृत गरी प्रचलित ऐन नियमावलीले निर्धारण गरेका तालिम तथा योग्यता सम्बन्धी मापदण्ड पुरा गरेका स्वास्थ्यकर्मीबाट सुरक्षित गर्भपतन सेवा संचालन गर्ने र सोको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्न स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.१३** मोदी गाउँपालिकाको स्थानिय उत्पादनको संभावनाको अधिकतम उपयोग गर्दै स्थानिय उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी कृषी उपजमा आत्मनिर्भर बनाउने योजना अनुरुप मोदी गाउँपालिका वडा नं ४ क्याङमा बाँझो रहेका जमिनहरु भूमी बैंक सम्बन्धी प्रचलित कानुनको अधिनमा रहि जग्गा भाडामा लिएर आलु खेती गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४** मोदी गाउँपालिका वडा नं २ ५ र ६ मा नेपाल सरकार संघिय खानेपानी तथा ढलनिकास आयोजनाको ७० प्रतिशत र पातीचौर खानेपानी तथा सरसफाई उपभोक्ता समितिको ३० प्रतिशत सहलगानीमा

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश

CS CamScanner

खानेपानी आयोजना संचालन गर्ने सम्झौतामा उपभोक्ता समितिले व्होर्ने ३० प्रतिशतमध्ये १० प्रतिशतले हुन आउने रकम नगदै जम्मा गर्ने भन्ने उल्लेख भई मिति २०७९ मा कार्यालयबाट उपभोक्ता समितिको नाममा रु पच्चिस लाख पेश्की स्वरुप उपलब्ध गराईएकोमा उपभोक्ता समितिको दर्ता स्थायी लेखा दर्ता कार्य प्रगति प्रतिवेदन हालसम्मका रनिङ बिलहरु लगायतका आवश्वक कागजातको आधारमा पेश्की फर्छ्यौट गरी मिति २०८१।०३।१० मा बसेको मोदी गाउपालिकाको गाउँसभाको बैठकको निर्णय तथा बजेट पुस्तिकाको सि नं ३८ खर्च शिर्षक नं २११२६ मा विनियोजित बजेट बमोजिमको रकम रु पच्चिस लाख मात्र अनुदान स्वरुप संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना र पातीचौर खानेपानी तथा सरसफाई उभपोक्ता समितको नाममा रहेको संयुक्त खातामा जम्मा हुनेगरी पातीचौर सहलगानी खानेपानी आयोजनालाई सम्पन्न गर्न उपभोक्ता समितिको नाममा अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१५** मोदी गाउँपालिका वडा नं ४ स्थित क्याङ स्वास्थ्य चौकीमा सहायस्तर चौथो अनमी पदमा कार्यरत विन्दु कुमारी पौडेल संकेत नं २२०६२० ले तलबी अध्यन विदा स्वीकृतीको लागी मिति २०८१।०९।११ मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुभएकोमा निज वि सं २०७३।११।२३ देखि निरन्तर सेवारत रहेको निजले पेश गरेका कागजातबाट देखिएको तथा स्वास्थ्य सेवा नियमवली २०५५ र गण्डकी प्रदेश स्थानिय सेवा गठन तथा संचालन नियमावली २०८० बमोजिम तलबी अध्यन विदाका लागी आवश्यक पर्ने सेवा अवधी पुरा गरिसकेको एवं चिकित्सा शिक्षा स्नातक तहको अध्यन गर्न स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ५३ को उपनियम १ २ ४ र ६ तथा गण्डकी प्रदेश स्थानिय सेवा गठन तथा संचालन नियमावली २०८० को नियम १११ को उपनियम २ ७ र ९ बमोजिम तलबी बिदाको लागी मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट पूर्वस्वीकृती समेत लिई शैक्षिक सत्र ०८१।०८२ को चिकित्सा शिक्षा आयोगको Bachelor of Nursing (BNS) को एकिकृत प्रवेश परिक्षामा छात्रबृती कोटामा उत्तिर्ण भई भर्ना सुनिश्चितता भईसकेकोले हुँदा छात्रवृतीमा अध्यन गर्नेगरी तलबी अध्यन विदामा जानुअघि पुरा गर्नुपर्ने प्रचलित ऐन नियमावलीमा उल्लेखित शर्तहरु पालना गर्ने र अध्यन सकेर कार्यालयमा हाजिर भए पश्चात कार्यालयले तोकेको स्थानमा सेवा गर्ने शर्तहरुको पालना गर्ने सम्वन्धी कानुन बमोजिमको बिधि प्रक्रिया पुरी गरी निजलाई २०८१।१०।११ देखि २०८४।१०।१० सम्म तलबी अध्यन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६** मोदी गाउँपालिकाको संस्थागत विकास सेवा प्रवाह र सुशासन समितिको मिति २०८१।०९।२१ गतेको बैठकको सुझावलाई दृष्टिगत गरी कार्यालयमा सेवाग्राहीमैत्री व्यवहार तथा सेवाग्राहीलाई पहिलो प्राथमिकतामा राखेर आवश्यक नीतिगत तथा प्रकियागत सुधार एवं कार्यविधिगत सरलीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७** चालु आ व २०८१।०८२ को हिउँदे सभामा संस्थागत विकास सेवा प्रवाह तथा सुशासन तर्फको विषयगत क्षेत्रमा बजेट विनियोजन गर्ने प्रस्ताव गाउँसभामा लैजाने निर्णय गरियो ।

पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

CamScanner

**निर्णय नं.१८** मोदी गाउँपालिका वडा नं ५ स्थित न्याउले युवा क्लवले पृथ्वीजयन्ती तथा माघे सक्रान्तीको अवसरमा मिति २०८१ पौष २७ देखि माघ ३ गते सम्म संचालन हुने वडा स्तरिय पुरुष भलिबल तथा सांस्कृतिक कार्यक्रम २०८१ को लागी वडा कार्यालयको सिफारिस तथा कार्यक्रमको प्रपोजलको आधारमा युवा सँग उपाध्यक्ष कार्यक्रममा बिनियोजित बजेटबाट रु ५००००।-अक्षरेपी रु पचास हजार मात्र आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१९** मोदी गाउँपालिका वडा नं ६ स्थित अनमोल युवा क्लवको २७ औ वार्षिकोत्सव तथा वडा स्तरिय स्व सन्दिप के स्मृति कप खुला पूरुष भलिबल प्रतियोगिता २०८१ को लागी वडा कार्यालयको सिफारिस तथा कार्यक्रमको प्रपोजलको आधारमा युवा सँग उपाध्यक्ष कार्यक्रममा बिनियोजित बजेटबाट रु ६११११।-अक्षरेपी रु एकसट्ठी हजार एक सय एघार मात्र आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२०** टाईगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा २०७१ माघ १२ देखि १९ गते सम्म संचालन हुने पाचौ टाईगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित भलिबल प्रतियोगिता २०८१ को लागि कार्यक्रमको प्रपोजल लगायतका अन्य कागजातका आधारमा गाउँपालिकाको खेलकुद विकास एवं खेलकुद पूर्वाधारमा साझेदारी गर्ने उद्देश्यले युवा सँग उपाध्यक्ष कार्यक्रममा बिनियोजित बजेटबाट रु ७५०००।– पचहत्तर हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१** मोदी गाउँपालिका भित्रका जनशक्ति अभाव भएका स्वास्थ्य संस्थाहरुमा सेवा अवरुद्ध नहुने सुनिश्चितताको लागी मोदी गाउँपालिकाको आर्थिक ऐनमा उल्लेखित दैनिक ज्यालादारीमा आवश्यक स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क सं | स्वास्थ्य संस्थाको नाम | ठेगाना | ज्यालादारीमा लिनुपर्ने पदको विवरण | दैनिक ज्यालादारी |
|---|---|---|---|---|
| १ | झिलिबराङ सामुदायिक स्वास्थ्य ईकाई | मोदी १ | अ न मी | रु १०००।- |
| २ | हलहले सामुदायिक स्वास्थ्य ईकाइ | मोदी ४ | अनमी | रु १०००।- |

प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८१/१०/०४ गते

आज मिति २०८१ साल माघ ४ गते शुक्रबारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिब | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | – | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | – | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | – | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | – | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी वि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | – | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति:

(१) रमा सुवेदी (स्वास्थ्य कर्मचारी)

## मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८१/१०/०४ गतेको निर्णय

**निर्णय नं.१** कार्यपालिकाको मिति २०८१ पौष २८ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो ।

**निर्णय नं.२** चालु आर्थिक वर्ष २०८१।८२ को लागी बजेट विनियोजन भएका योजना तथा कार्यक्रमहरु मध्ये गाउँपालिकाको आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकासका दृष्टिले महत्वपुर्ण रहेका र कार्यालयबाट चालु आर्थिक वर्षभित्रमा भुक्तानी हुन सक्ने अवस्था भएका योजना तथा कार्यक्रमहरुको योजना सम्झौता गरि काम शुरु गर्ने गराउने र सोको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** मोदी गाउँपालिकाको १६औ गाउँसभाबाट पारित भएको भवन मापदण्ड २०८१ अनुसार भवन सुचिकरणका लागी सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** मोदी गाउँपालिका वडा नं ८ चित्रे स्वास्थ्य चौकीमा २०६६ सालदेखि सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका पदमा निरन्तर १५ वर्ष सम्म सेवा गर्नुभएकी राम कुमारी गुरुङ को मिति २०८१ आश्विन ५ गते निधन भएको हुँदा निजको परिवारलाई चालु आ.व. २०८१।०८२ को लागी विनियोजित खर्च संकेत नं ५४१. २१.१.५५ आर्थिक सहायता बजेट शिर्षक नं २७२१२ बाट चालिस हजार मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं.५** मोदी ६ तिलाहार स्थित नवजागृत माध्यमिक विद्यालको नमुना विद्यालय विस्तार कार्यक्रम अन्तर्गत निर्माणाधिन अवस्थामा रहेको तर निर्माण कार्य सम्पन्न हुन नसकेको भवनको हालसम्म भएको निर्माण कार्य स्वीकृत डिपिआर, डिजाईन तथा नक्सा बमोजिम भए नभएको सम्बन्धमा प्राविधिक रुपमा अनुगमन मुल्यांकन गर्ने र विद्यालयको पठनपाठनलाई प्रभावकारी बनाउन कक्षाकोठाहरुको आवश्यकता समेतलाई मध्यनजर गर्दै भवनको बाँकी निर्माण कार्य सम्पन्न गर्न विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्रशासनलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६** मोदी ६ स्थित तिलाहार -थार्मजुङ सडकमा २०८१ सालको असार श्रावण महिनाको अविरल वर्षाको कारण जोखिममा परेको सडकको सुरक्षाको लागी दश थान ग्याविन जाली भर्नको लागी प्राविधिक लागत अनुमान बमोजिमको बजेट रु ३८०००।- विपद कोषबाट खर्च गर्नेगरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७** मोदी ६ स्थित महेन्द्र प्रा. वि. को शौचालय नजिक गत जेठ असार महिनाको अविरल वर्षाको कारण पहिरो गई उक्त शौचालय भवन जोखिममा परेको हुँदा उक्त पहिरो रोकथामको लागी आठ थान ग्याविन जाली

हिरादेवी शर्मा
अध्यक्ष

भर्नको लागी प्राविधिक लागत अनुमान बमोजिमको बजेट रु ३५०००।- विपद कोषबाट खर्च गर्नेगरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** मोदी गाउँपालिकाको १६ औं गाउँसभाबाट बजेट विनियोजन भए बमोजिम जिल्ला खेलकुद विकास समिति पर्वत द्वारा २०८१ माघ १५ देखि २४ गतेसम्म आयोजना हुने प्रदेश स्तरिय बृहद खेलकुद एवं सांस्कृतिक महोत्सव २०८१ को लागी उपाध्यक्ष सँग युवा कार्यक्रम बजेट खर्च शिर्षक नं २२५२२ बाट रु एकलाख पचास हजार मात्र आर्थिक सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो

**निर्णय नं.९** २०८१ असार श्रावण महिनाको अविरल वर्षाको कारण रतिखोला राटमाटा राम्जा सडकका विभिन्न स्थानमा सडकमा खसेका पहिरोहरु हटाउन रु ६०००० अक्षरेपी रु साठी हजार मात्र विपद कोषबाट खर्च गर्नेगरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०** मोदी गाउँपालिका वडा नं ३ स्थित देउराली मोटरबाटो मर्मत तथा सरसफाईको लागी विपद कोषबाट रु दुई लाख खर्च गर्नेगरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.११** सडक बोर्ड नेपालबाट बिनियोजित असी प्रतिशतले हुने बजेट रु१७०००००।-(सत्र लाख मात्र ) र गाउँपालिकाको बीस प्रतिशतले हुने बजेट रु ४२५०००।–(चार लाख पच्चिस हजार मात्र) साझेदारी गरी कुल बजेट रकम रु २१२५०००। (एक्काईस लाख पच्चिस हजार) बाट तिलाहार -थार्मजुङ सडकको मर्मत तथा स्तरोन्नती गर्ने निर्णय गरियो। तिलाहार-थामर्जुङ सडकको स्तरोन्नतीको लागी प्राविधिक लागत अनुमान बमोजिम नपुग हुने रकम रु ५५३४१९।– अक्षरेपी रु पाँच लाख त्रिपन्न हजार चार सय उन्नाईस मात्र सडक तथा सार्वजनिक भौतिक संरचना मर्मत कोषबाट पुँजिगत कार्यक्रम खर्च शिर्षक नं ३११५९ बाट व्यहोर्ने र उक्त योजनाको निर्माण तथा स्तोरन्नतीको कार्य ठेक्का विधिबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२** ट्रेकिङ एशोसियशन अफ नेपाल गण्डकी प्रदेश उद्योग तथा पर्यटन मन्त्रालयको सहयोग, नेपाल पर्यटन बोर्डको पर्वर्द्धन, अन्नपुर्ण संरक्षण क्षेत्र आयोजनाको सहकार्य तथा स्थानिय गाउँपालिकाहरुको समन्वयमा पर्वत जिल्लाको मोदी गाउँपालिकाको वडा नं १, २,३ र ४, अन्नपुर्ण गाउँपालिका म्याग्दी र कास्कीलाई जोड्ने नयाँपुल-ताङ्ले-भमरकोट-फलाटे-डाँडाकमेरे-थामाकोडिल-माटे जलजला-मोहरेडाँडा-पुनहिल-उल्लेरी पदमार्गमा २०८१ मंसिर १७ देखि २० गतेसम्म ३ रात ४ दिन संचालन भएको पदमार्ग एवं पर्यापर्टन सम्बन्धी खोज अनुसन्धानमुलक कार्यकम्र बाट मोदी गाउँपालिका क्षेत्रमा पर्ने पदमार्गहरुको प्रचार प्रसार भई पर्यटन उद्योगमा सकारात्मक योगदान पुर्याएको हुँदा उक्त कार्यक्रम संचालन अन्तर्गत मोदी गाउँपालिकाको साझेदारीको रुपमा खाजा, खाना यात्रा व्यवस्थापन खर्च वापत पर्यटन प्रवर्द्धन कार्यक्रम शिर्षकबाट रु १०००००।– अक्षरेपी रु एक लाख मात्र उपलब्ध गराउने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

CamScanner

## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८१/११/०४ गते

आज मिति २०८१ साल फागुन ४ गते आईतवारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक बहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक बहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

**अन्य उपस्थिति:** [illegible]

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
[illegible], पर्वत
गण्डकी प्रदेश, नेपाल
[illegible]

## मोदी गाउँपालिका गाउँ कार्यपालिका
## बैठक मिति २०८१/११/०४ गतेको निर्णय

**निर्णय नं.१** कार्यपालिकाको मिति २०८१ माघ ४ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो ।

**निर्णय नं.२** मोदी गाउँपालिकाको पशु सेवा कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

मोदी गाउँपालिका अन्तर्गतका आधारभूत विद्यालयहरुमा अध्यनरत विद्यार्थीहरुको सिकाई मापनलाई प्रभावकारी बनाई आधरभूत तहको शिक्षालाई सवल बनाउन तथा विद्यार्थीहरुको सिकाई प्रति विद्यालयहरुलाई थप जिम्मेवार बनाउन कक्षा ८ को आधारभूत तहको परिक्षालाई गाउँपालिका स्तरिय परिक्षा केन्द्र कायम गरी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्रकाशन हुने स्थानिय सरकार कार्यसम्पादन मुल्यांकन, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशन हुने स्थानिय सरकार संस्थागत क्षमता स्वमुल्यांकन प्रणाली **(Local Government Institutional Capacity Self Evaluation (LISA)** र स्थानिय तह वित्तिय जोखिम मुल्यांकन **(Local Government Fiduciary Risk Assessment , FRA)** को नतिजा कमजोर हुनुको कारण सम्बन्धमा अध्यन अनुसन्धान तथा विश्लेषण गरी सम्बन्धित शाखालाई थप जिम्मेवार बनाउने र विषयगत क्षेत्र अनुसार सुचक बमोजिम तोकिएको कार्यहरु सम्पन्न गर्ने, कागजातहरु तयार गर्ने, अभिलेख राख्ने, प्रणालीमा अपलोड गर्ने लगायतका जिम्मेवारी लिखित रुपमा सम्वन्धित विषय क्षेत्रका शाखा वा उपशाखा प्रमुखलाई प्रदान गर्ने र सोको प्रभावकारी अनुगमन सुपरिवेक्षण गर्ने तथा उक्त कार्यलाई सम्वन्धित कर्मचारीको कार्यसम्पादन मुल्यांकन सँग जोड्ने निर्णय गरियो ।

**निर्णय नं.४** मोदी गाउँपालिकाको नवौं स्थापना दिवस २०८१ चैत्र ३ गते मनाउने निर्णय गरियो ।

**निर्णय नं.५** मोदी गाउँपालिकाको नवौं स्थापना दिवस कार्यक्रम २०८१ मा ९० (नब्बे) वर्ष पुरा भएका ज्येष्ठ नागरिकहरु तथा समाजका विभिन्न क्षेत्रमा अतुलनिय योगदान पुर्याउने व्यक्तित्व तथा संघ संस्थाहरुलाई गाउँपालिकाबाट सम्मानित गर्ने निर्णय गरियो ।

**निर्णय नं.६** मोदी गाउँपालिकाको नवौं स्थापना दिवस २०८१ को अवसरमा गाउँपालिकामा कार्यरत कर्मचारी शिक्षक तथा स्वास्थ्यकर्मीहरु मध्ये एकजना कर्मचारी, एकजना स्वास्थ्यकर्मी र एकजना

बाबुराम पुरी
प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

शिक्षकलाई उत्कृष्ट कर्मचारी, उत्कृष्ट स्वास्थ्यकर्मी तथा उत्कृष्ट शिक्षक को रुपमा जनही रु २५ हजार नगद र कदरपत्रद्धारा सम्मान गर्ने तथा निश्चित मापदण्ड तयार गरी निक्ष्पक्ष र पारदर्शी रुपमा उत्कृष्ट कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मी छनौटका लागी प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपशिल बमोजिमको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| श्री बाबुराम पुरी | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| श्री प्रविन पोखेल | प्रशासकीय अधिकृत | सदस्य |
| श्री दिनेश शर्मा | शिक्षा अधिकृत | सदस्य |
| श्री प्रकाश बहादुर क्षेत्री | शिक्षा अधिकृत | सदस्य |
| श्री उमेश कुमार अधिकारी | जनस्वास्थ्य निरिक्षक | सदस्य |

निर्णय नं.७ कार्यालयको सेवा प्रवाह, शासकीय प्रवन्ध, विकास व्यवस्थापन लगायतका विषयमा आम नागरिकहरुको अभिमत तथा सुझाव संकलन गर्न प्रचलित ऐन, कानुन बमोजिम सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्ने निर्णय गरियो

निर्णय नं.८ मोदी गाउँकार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालयहरुबाट हुने विभिन्न प्रकारका सिफारिसहरुमा एकरुपता कायम गर्न अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउन र आम सेवाग्राहीहरुलाई सहज रुपमा सेवा प्रदान गर्न र योजना सँग सम्वन्धित तथ्यांक र अभिलेखलाई व्यवस्थित बनाउन चालु आ व २०८१।०८२ को लागी विनियोजित बजेटको सिमा तथा सार्वजनिक खरिद सम्बन्धि प्रचलित ऐन तथा नियमावली बमोजिमको प्रक्रिया अवलम्वन गरी अनलाईन प्रणालीमा आधारित सिफारिस तथा योजना सँग सम्बन्धित सफ्टवेयर प्रणाली जडान तथा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.९ उपभोक्ता समिति मार्फत वडास्तरमा संचालन हुने योजना तथा कार्यक्रमहरुको अन्तिम भुक्तानीको प्रक्रियामा सहजीकरण गर्न सम्बन्धित वडा सचिव तथा वडामा कार्यरत प्राविधिक कर्मचारीबाट आवश्यक कागजात चेकजाँच, रुजु एवं प्रारम्भिक प्रक्रिया पुरा गरी वडा सचिव मार्फत कार्यालयको योजना शाखामा पेश गर्ने र योजना शाखाबाट आवश्यक प्रक्रिया पुरा गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष अन्तिम तोकादेशको पेश गर्ने गरी योजना तथा कार्यक्रमहरुको भूक्तानी सम्बन्धी प्रक्रियामा सरलीकरण गर्ने निर्णय गरियो।

बाबुराम पुरी
प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

निर्णय नं.१० मोदी गाउँपालिकाको विकट भौगोलिक क्षेत्रका जनतालाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य ईकाईहरुमा ज्यालादारीमा खटाईएका स्वास्थ्यकर्मीहरुको विविध कारणले समयमा म्यादथप हुन नसकेको तर निजहरुले निरन्तर रुपमा कार्यस्थलमा रहि सेवा प्रवाह गरिरहेको मनासिव प्रमाण खुल्ने हाजिरी उतार एवं सम्वन्धित स्वास्थ्यचौकी एवं वडा समितिबाट निजले कार्यसम्पादन गरेको अवधी खुलाई गरेको सिफारिस समेतको आधारमा भुक्तानी हुन बाँकी ज्याला भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.११ राम्जाकोट तथा भूमेपूजा व्यवस्थापन शिर्षकमा गत आर्थिक वर्षमा भुक्तानी हुन बाँकी रु. पचास हजार मात्र गत आ. व. २०८०।०८१ मा भुक्तानी हुन बाँकी रहेको भनी गाउँसभा तथा कार्यपालिकाको निर्णय तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्वन्धी प्रचलित ऐन नियमावलीको अधिनमा रहि सम्वन्धित खर्च शिर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.१२ मोदी गाउँपालिका भित्र रहेका विभिन्न संघसंस्थाहरु, जलविद्युत आयोजनाहरु, बैक तथा वित्तिय संस्थाहरुलाई प्रचलित ऐन कानुनमा उल्लेखित संस्थागत सामाजिक उत्तरदायित्व अनुसारको कानुनी दायित्व एवं जिम्मेवारी पुरा गर्न लिखित रुपमा जानकारी गराउने निर्णय गरियो।

निर्णय नं.१३ मोदी गाउँपालिकाका विभिन्न वडाहरुमा गरिव परिवार पहिचान सम्वन्धी गुनासो संकलन गर्न खटिएका गुनासो सुन्ने अधिकारीहरु मार्फत प्राप्त हुन आएका गुनासोहरु कार्यालयमा नियमानुसार दर्ता गरी प्रचलित ऐन नियमावली कार्यविधि मापदण्ड बमोजिमको प्रक्रिया अवलम्वन गरी गुनासोको सुनुवाई गर्ने निर्णय गरियो ।

निर्णय नं.१४ मोदी गाउँपालिकालाई कार्यक्षेत्र बनाई दर्ता भई संचालनमा रहेका सहकारी संस्थाहरु सहकारी सम्वन्धी प्रचलित ऐन नियमावली कार्यविधि मापदण्ड बमोजिम संचालन भए नभएको सम्वन्धमा सहकारी सम्वन्धी विशिष्टिकृत नियमनकारी निकाय सँगको सहकार्य एवं समन्वयमा अनुगमन तथा सुपरिवेक्षण गरी स्थानिय सहकारी नियमनलाई प्रभावकारी र नतिजामा आधारित बनाउने निर्णय गरियो ।

निर्णय नं.१५ जिल्ला प्रहरी कार्यालय पर्वत तथा प्रहरी चौकी देउपुर डिमुवा सँगको समन्वयमा मोदी गाउँपालिका भित्रका बजारक्षेत्रका सुरक्षा संवेदनशिल स्थानहरुमा रहेका सिसि क्यामेराहरुको मर्मत सम्भार तथा अत्यावश्यक स्थानमा आवश्यक संख्यामा सिसी क्यामेरा जडान गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

CS CamScanner

निर्णय नं.१६ मोदी गाउँपालिका र जिल्ला प्रहरी कार्यालय पर्वत बिच समझदारी पत्रमा हस्ताक्षर भई मोदी गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा कार्यान्वयनमा आएको प्रहरी समुदाय विद्यालय पाठ्यक्रम बमं. ७को प्रशिक्षण कार्यको लागी जिल्ला प्रहरी कार्यालय पर्वत सँगको सहकार्यमा सम्बन्धित विषय क्षेत्र हेर्ने प्रहरी अधिकृतबाट कक्षा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.१७ मोदी गाउँपालिकामा सक्रिय महिला संचारकर्मीहरुको क्षमता तथा नेतृत्व विकासलाई प्रवर्द्धन गर्न सञ्चारिका समुह पर्वतलाई रु पच्चिस हजार अनुदानको रुपमा प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.१८ UNDP-Nepal र मोदी गाउँपालिका विचको समझदारी अनुसार गाउँपालिका भित्रका सामाजिक आर्थिक रुपले जोखिममा रहेका वर्गको पहिचान गरी आर्थिक, सामाजिक सशक्तीकरण गर्न, क्यूआर कोडमा आधारित घरधुरी संकेत नं उपलब्ध गराउन, घरधुरीको व्यवस्थित तथ्यांक संकलन एवं व्यवस्थापन मार्फत नीति, योजना र बजेट प्रणालीलाई तथ्यांकमा आधारित बनाउन Socio-Economic Vulnerability Information System (SEV-MIS) सञ्चालन गर्न कोड फ्युजन टेक्नोलोजिज प्रा.ली. सँग मिति २०८१।१०।३० मा भएको सम्झौतालाई अनुमोदन गर्ने र UNDP Nepal बाट हस्तान्तरण भएका तपशिल बमोजिमका जिन्सी सामानहरु स्वीकार गर्ने निर्णय गरियो ।

तपशिल

| क सं | जिन्सी सामानको नाम | स्पेशीफिकेशन | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | PVC Card Printer | Brand: Evolis Primacy Series<br>Automatic Reading Printer<br>Both side Printing<br>Multicolor | १ थान | |
| २ | PVC Cards | PVC<br>Size 85.60mmx53.98mmx30mil | २५००थान | |
| ३ | Ribbon | YMCKO | ४ थान | Can P<br>1200 card |
| ४ | SEV-MIS Source Code | Software Source code | | |

निर्णय नं.१९ चालु आ.व. २०८१।०८२ को लागी बजेट विनियोजन भएको मोदी ६ स्थित रति नहर योजनाको प्रचलित ऐन कानुन बमोजिम D.P.R (Detail Project Report) तयार गराई Detail Project Report बमोजिम योजना कार्यान्वयनको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

निर्णय नं.२० वडास्तरमा गठन भएका टोल सुधार समिति/संस्थाहरुको पुर्नगठन एवं सशक्तीकरण गर्ने तथा उपभोक्ता समितिहरुलाई योजना कार्यान्वयनपूर्व योजना, बजेट खर्च तथा सार्वजनिक खरिद, स्वीकृत ड्रईङ, डिजाईन, स्टिमेट, गुणस्तर लगायतका विषयमा कार्यालयको योजना एवं पूर्वाधार विकास शाखाबाट अभिमुखीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.२१ मिति २०८१ पौष २८ गतेको कार्यपालिका बैठकको निर्णय नं १० अनुसार आगामी आ. व. २०८२।०८३ को लागी संघिय समपुरक अनुदानका लागी प्रस्ताव गरिएका योजना तथा कार्यक्रमहरुलाई विशेष अनुदान सम्बन्धी कार्यविधि २०८१को दफा ३ मा उल्लेखित व्यवस्था बमोजिम कार्यक्रम बजेट तथा प्राथमिकताक्रममा संशोधन गरी देहायको प्राथमिकताक्रम निर्धारण गरी संघिय विशेष अनुदानका लागी माग गरि पठाउने निर्णय गरियो।

| क सं | प्रस्तावित क्षेत्र तथा कार्यक्रम | प्रस्तावित कार्यक्रमको नाम | प्रस्तावित बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | शैक्षिक विकासका लागी सेवाको गुणस्तर अभिवृद्धि | सामुदायिक माध्यमिक विद्यालयहरुमा स्मार्ट कक्षा संचालनको लागी कम्प्युटर, डिजिटल बोर्ड लगायतका शैक्षिक सामग्री व्यवस्थापन | रु. २०००००० (दुई करोड मात्र) | |
| २ | मातृ तथा बालबालिकाको लागी पोषण सुधार | मोदी गाउँपालिका भित्रका गरिव, दलित तथा आर्थिक सामाजिक रुपले पिछडिएको समुदायको मातृ तथा बालबालिकाको लागी पोषण सुधार कार्यक्रम | रु.१०००००० ( एक करोड मात्र ) | |
| ३ | आर्थिक सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासका | कृषक समुहका लागी प्लाष्टिक टनेल, रोग किरा नियन्त्रण, कृषी उपज तथा अन्य स्थानिय उत्पादनको | रु.१०००००० (एक करोड मात्र ) | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | लागि लक्षित गरी सञ्चालन गरिने उत्पादन र उत्पादकत्व वृद्धि एवं आयआर्जन तथा जिविकोपार्जन सुधार | संकलन तथा बिक्री केन्द्र स्थापना कार्यक्रम | | |

निर्णय नं.२२ मोदी गाउँपालिका वडा नं ५ स्थित महेन्द्र शिखरी माध्यमिक विद्यालयको भवन निर्माणको लागी आ. व. २०७७।०७८ मा संघिय समपुरक अनुदान वापत रु एक करोड बीस लाख विनियोजन भएकोमा रु एक करोड चौवन्न लाखमा ठेक्का सम्झौता भई निर्माण कार्य शुरु भएको र आ व २०८०।०८१ मा संघिय विशेष अनुदान अन्तर्गत माग भई रु साठी लाख विनियोजन भएको तथा साविकमा संघिय समपुरक अनुदानको लागी माग भएको योजना संघिय विशेष अनुदान अन्तर्गत विनियोजन भएको बजेट निकास प्राप्त नभएको हुँदा उक्त योजनाको बाँकी भुक्तानी गर्न स्रोत अभाव भएकोले भुक्तानी हुन बाँकी रकम रु ४८,०९००७.५४ (अक्षरेपी रु अठचालिस लाख नौ सय सात र पैसा चौवन्न मात्र ) साविक बमोजिम नै संघिय समपुरक अनुदान अन्तर्गत माग गर्ने निर्णय गरियो ।

निर्णय नं.२३ मोदी गाउँपालिका वडा नं ६ गिज्यान स्थित गिज्यान गाडतारा मोटरवाटो सरसफाई योजनाको लागी वडा नं ६ को लागी विनियोजित खर्च शिर्षक नं ३११५१ साविकको वडा नं १ देखि ९ सम्म वाटो ढलान गोरेटो वाटो कुलो कुवा मर्मत निर्माण सडक बत्ती विस्तार सोलार वत्ती जडान रुख वाटोमा रेलिङ निर्माण, सार्वजनिक संरचनामा रङ्गरोगन शिर्षकमा विनियोजित बजेट रु ९००००० अक्षरेपी रु नौ लाख मध्येवाट रु १००००० अक्षरेपी रु एक लाख र खर्च शिर्षक नं ३११५१ आकस्मिक सडक सरसफाई तथा मर्मत संभार (प्रतिवडा २ लाखको दरले) कार्यक्रममा वडा नं ६ को लागी विनियोजित रु २००००० अक्षरेपी रु दुई लाख मध्येवाट रु १५००००अक्षरेपी रु एक लाख पचास हजार मात्र गरी उक्त योजनाको लागी रु २५०००० अक्षरेपी रु दुई लाख मात्र स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.२४ मोदी गाँउपालिका ५,लाम्पाट ग्रामिण खानेपानी तथा सरसफाई योजना तथा टंङ्की संरक्षण योजनाको लागि प्राविधिक लागत अनुमान अनुसारको रु८६००० अक्षेरुप छियासी हजार रुपैया मात्र सडक तथा भौतिक संरचना,धार्मिक,पुरातात्विक,सांस्कृतिक सम्पदा मर्मत संभार कोषवाट खर्च वेहोर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८१/१२/०१ गते

आज मिति २०८१ साल चैत्र १ गते शुक्रबारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक बहादुर गुरुङ्ग | सदस्य | — | अनुपस्थित |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | — | अनुपस्थित |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | — | अनुपस्थित |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | 2081/12/01 | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक बहादुर गुरुङ्ग | सदस्य | — | अनुपस्थित |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | — | अनुपस्थित |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | डिलमाया | |

अन्य उपस्थिति:

(१) डा. गोपाल पासी — पशुसेवा उपशाखा

(२) सुषमा खापकोटा — प्रा.प्र. कृषि विकास उपशाखा

# मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८१/१२/०१ गतेको निर्णय

**निर्णय नं.१** मोदी गाउँपालिकाको आठौं स्थापना दिवसको अवसरमा उत्कृष्ट कर्मचारी, शिक्षक, विद्यालय कर्मचारी, स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका, कृषक, उद्यमी लगायत गाउँपालिकाको आर्थिक सामाजिक क्षेत्रमा योगदान गर्ने तपशिल बमोजिमका व्यक्तित्वहरुलाई सम्मान गर्ने सम्वन्धमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वको समिति तथा विभिन्न विषयगत समितिहरुबाट भएको सिफारिसलाई लाई अनुमोदन गर्ने निर्णय गरियो ।

विधा : उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी

**क) उत्कृष्ट कर्मचारी : श्री राजु भुसाल, वडा सचिव, मोदी गाउँपालिका ३ नं वडा कार्यालय**

**निर्णय नं.२ उत्कृष्ट शिक्षक तथा विद्यालय कर्मचारी तर्फ उत्कृष्ट पुरस्कार प्राप्त गर्नेहरुको नामावली**

क) उत्कृष्ट विद्यालय परिचर : श्री भद्र बहादुर जि सी, श्री नव जागृत माध्यमिक विद्यालय मोदी ६

ख) उत्कृष्ट बालविकास शिक्षिका: श्री सुनिता पौडेल, श्री पशुपति माध्यमिक विद्यालय ,मोदी ७

ग) उत्कृष्ट शिक्षक, प्रा. वि. तह: श्री सन्तोष मल्ल, नवज्यती थम माध्यमिक विद्यालय

घ) उत्कृष्ट नि मा. वि. शिक्षक : श्री घनश्याम पोखेल, श्री क्याङ कर्वकिली आधारभुत विद्यालय मोदी ४ क्याङ

ङ) उत्कृष्ट शिक्षक, माध्यमिक तह : श्री बासुदेव शर्मा, श्री नवजागृत माध्यमिक विद्यालय ,तिलाहार, पर्वत

**निर्णय नं.३ उत्कृष्ट स्वास्थ्यकर्मी**

क) उत्कृष्ट स्वास्थ्यकर्मी : श्री फुलमाया विक सि. अ. न. मी. क्याङ स्वास्थ्य चौकी (मोदी ४ )

ख) उत्कृष्ट महिला सामुदायिक स्वास्थ्य स्वयैसेविका : श्री पार्वती तिमिल्सिना , मोदी २ पर्वत

**निर्णय नं.४** गाउँपालिकाको समग्र प्रशासन र विपद व्यवस्थापनको क्षेत्रमा प्रसंशनिय कार्य गर्दै गाउँपालिकाको सेवा प्रवाहमा सकारात्मक योगदान गरेवापत मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत महिला विकास निरिक्षक श्री पुण्य कुमारी शर्मालाई प्रसंसापत्र र दोसल्ला ओढाई सम्मान गर्ने निर्णय गरियो।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पातीचौर, पर्वत, गण्डकी प्रदेश, नेपाल २०७३

CS CamScanner

**निर्णय नं.५** विद्यालयमा शैक्षिक सामग्रीहरुको व्यवस्थापन र शैक्षिक उन्नयनमा गर्नुभएको सकारात्मक योगदानको उच्च सम्मान स्वरुप **जननेत्र माध्यमिक विद्यालय देउपुर पर्वत का नि. मा. वि. शिक्षक श्री देवेन्द्र गिरी** लाई प्रसंशापत्र र दोसल्ला ओढाई सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं.६** गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा सकारात्मक योगदान गर्नुभएकोमा मोदी २ पर्वत निवासी श्री मन बहादुर खड्का लाई सम्मानस्वरुप प्रसंसापत्र र दोसल्ला ओढाई सम्मान गर्ने निर्मण गरियो।

**निर्णय नं.७** आर्थिक विकास समितिको मिति २०८१।१२।०१ को बैठकको निर्णय अनुसार सिफारिस भएका व्यावसायिक कृषी फर्महरु मध्ये बाट मोदी गाउँपालिकको स्थानिय उत्पादनमा उत्कृष्ट योगदान र पहिचान निर्माण गर्न सफल कृषक श्री कृष्ण वहादुर सुवेदी (कृष्ण एकिकृत कृषी फर्म ,मोदी ५, पर्वत) र पर्वत भमरकोट एग्रो टुरिजम प्रा.ली. का संचालक श्री राजेन्द्र खड्का लाई नगद रु ५००० तथा प्रसंशापत्रद्धारा सम्मानित गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** आर्थिक विकास समितिको मिति २०८१।१२।०१ को बैठकको निर्णय अनुसार सिफारिस भएका व्यावसायिक पशुपालन तथा मत्स्यपालन फर्महरु मध्ये बाट गाउँपालिकाको कृषी क्षेत्रमा योगदान गर्नुभएकोमा **श्री गंगा बहादुर क्षेत्री (अनिस अन्जन गाई फर्म, मोदी- ५, बाजुङ पर्वत)** र मोदी रेन्बो ट्राउट प्रा.ली का संचालक श्री याम प्रसाद शर्मा लाई उत्कृष्ट पशुपालक कृषकको रुपमा नगद रु ५००० तथा प्रसंशापत्र द्धारा सम्मानित गर्ने निर्णय गरियो

**निर्णय नं.९** आर्थिक विकास समितिको मिति २०८१।१२।०१ को बैठकको निर्णय अनुसार सिफारिस भएका उद्यमीहरु मध्ये गाउँपालिकामा स्थानिय उद्यमशिलताको प्रवर्द्धन गर्दै स्थानिय कच्चा पदार्थमा आधारित उद्योग संचालन गर्ने महिला उद्यमी श्री झकमाया गर्बुजा(झकमाया अल्लो कपडा उद्योग, मोदी ४ पर्वत) र गिताराम शर्मा (पञ्चासे लप्सी प्रशोधन उद्योग मोदी ८) र कल्पना नेपाली (कल्पना ढाका उद्योग मोदी ६) लाई नगद रु ५००० तथा प्रसंशापत्रद्धारा सम्मानित गर्ने निर्णय गरियो।

**निर्णय नं.१०** राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा देश र समाजको नाम उच्च राख्न सफल मोदी गाउँपालिका भित्रका देहाय बमोजिमका खेलाडीहरु लाई नगद रु ५००० तथा प्रसंशापत्रद्धारा सम्मानित गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

| क सं | खेलाडीको नामथर | ठेगाना | खेलको विधा | कैफियत |
|---|---|---|---|---|
| १ | श्री राजेन्द्र हमाल | मोदी २ | ह्याण्डबल | |
| २ | श्री पुनम गुरुङ | मोदी १ | ब्याडमिन्टज | |
| ३ | श्री हिरा के सी | मोदी ३ | भलीबल | |
| ४ | श्री अस्मिता गुरुङ | मोदी २ | करांते | |

निर्णय नं.११ गाउँपालिकाको पर्यापर्यटन क्षेत्रको विकास मा सकारात्मक योगदान र पहिचान बनाउन सफल तपशिल बमोजिमका होमस्टेह संचालकरुलाई दोसल्ला तथा प्रसंशापत्रबाट सम्मानित गर्ने निर्णय गरियो ।

| क सं | होमस्टेको नाम | ठेगाना | संचालकको नामथर | कैफियत |
|---|---|---|---|---|
| १ | भूक देउराली सामुदायिक होमस्टे | मोदी १ | वेलमान गुरुङ | |
| २ | लेस्पार सामुदायिक होमस्टे | मोदी ४ | नरसिंह पुन | |
| ३ | लप्सीबोट सामुदायिक होमस्टे | मोदी १ | ईन्द्र कुमारी गुरुङ | |
| ४ | चित्रे ग्रामीण होमस्टे विकास समिति | मोदी ८ | सुशिला गुरुङ | |

निर्णय नं.१२ गाउँपालिकाको खेलकुदको विकास र समाजमा सकारात्मक सहयोग गर्ने तपशिल बमोजिमका युवा क्लवहरुहरुलाई सम्मानित गर्ने निर्णय गरियो ।

| क सं | युवाक्लवको नाम | ठेगाना | अध्यक्षको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | शिखर युवा क्लव | मोदी ४ | यू बहादुर गुरुङ | |
| २ | मुन स्टार युवा क्लव | मोदी ४ | हिम बहादुर पुन | |
| ३ | लब्सीबोट युवा क्लव | मोदी १ | मैत सिंह गुरुङ | |
| ४ | पिपल चौतारी युवा क्लव | मोदी १ | प्रविन अधिकारी | |
| ५ | न्याउले युवा क्लव | मोदी ५ | सन्तोष कुँवर | |
| ६ | सिद्धबराह युवा क्लव | मोदी ८ | गोपाल गुरुङ | |
| ७ | अनमोल युवा क्लव | मोदी ६ | दिलिप मल्ल | |
| ८ | मोदी ब्याडमिन्टन संघ | मोदी ६ | समिर मल्ल | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

निर्णय नं.१३ गाउँपालिका भित्र रहनुभएका १०० वर्ष पुरा भएका ज्येष्ठ नागरिकहरु मध्येबाट मोदी गाउँपालिका वडा नं ६ निवासी १०१ वर्षिया सिता कुमारी घर्ती क्षेत्री लाई नगद रु ५००० तथा दोसल्ला ओढाई सम्मान गर्ने निर्णय गरियो।

निर्णय नं.१४ मोदी गाउँपालिकाको बजेट पुस्तिकाको सि नं २५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार खर्च शिर्षक नं २११३५ अन्तर्गत विनियोजन भएको रु १००००० मध्येबाट गाउँपालिकाको ८ औं स्थापना दिवसको अवसरमा कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वयंसेविका, विद्यालय परिचर, कृषक/ कृषी फर्म/कम्पनी, उद्यमी, खेलाडी, ज्येष्ठ नागरिकलाई नगद सहित पुरस्कृत गर्ने प्रयोजनको लागी तपशिल बमोजिम हुने गरी खर्च गर्न स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

| क सं | पुरस्कृत गरिने विधा | पुरस्कृत हुनेको संख्या | पुरस्कारको राशी प्रतिव्यक्ति | खर्च गरिने कुल रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | उत्कृष्ट कर्मचारी | १ | ५००० | ५००० | |
| २ | उत्कृष्ट मा वी नि मा वि प्रा वि शिक्षक | ३ | ५००० | १५००० | |
| ३ | उत्कृष्ट बालशिक्षिका | १ | ५००० | ५००० | |
| ३ | उत्कृष्ट विद्यालय परिचर | १ | ५००० | ५००० | |
| ४ | उत्कृष्ट स्वास्थ्यकर्मी | १ | ५००० | ५००० | |
| ५ | उत्कृष्ट महिला सामुदायिक स्वास्थ्यकर्मी | १ | ५००० | ५००० | |
| ६ | कृषक/ कृषी फर्म/कम्पनी | २ | ५००० | १०००० | |
| ७ | पशुपालन तथा मत्स्यपालन फर्म | २ | ५००० | १०००० | |
| ८ | उद्यमी | ३ | ५००० | १५००० | |
| ९ | विभिन्न विधाका खेलाडीहरु | ४ | ५००० | २०००० | |
| १० | १०० वर्षमाथीका ज्येष्ठ नागरिक | १ | ५००० | ५००० | |
| ११ | अपांगता भएका नागरिक मध्येबाट | १ | ५००० | ५००० | |
| | कुल जम्मा | | | १००००० | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

निर्णय नं.१५ मोदी गाउँपालिका जन्मथलो भई राष्ट्र र समाजका लागी सकारात्मक योगदान गर्नुहुने तपशिल बमोजिमका विशिष्ट व्यक्तित्वहरु लाई सम्मानपत्र र दोसल्लाबाट सम्मानित गर्ने निर्णय गरियो ।

| क सं | नामथर | ठेगाना | साविक हालको पद | कैफियत |
|---|---|---|---|---|
| १ | डा. जागेश्वर गौतम | मोदी ७ | वरिष्ठ स्त्रीरोग विशेषज्ञ | |
| २ | डा. झलक गौतम | मोदी ७ | खोप विशेषज्ञबाट सेवा निवृत | |
| ३ | श्री बाबुराम सुवेदी | मोदी ५ | नेपाल सरकारको सहसचिवबाट निवृत | |
| ४ | श्री चित्र बहादुर गुरुङ | मोदी ८ | नेपाली सेनाको रथीबाट निवृत | |
| ५ | श्री रामचन्द्र खत्री | मोदी ६ | नेपाली सेनाको सहायकरथीबाट निवृत | |
| ६ | श्री देवेन्द्र मेधासी | मोदी ६ | नेपाली सेनाको उपरथीबाट निवृत | |
| ७ | श्री जोतिन्द्र महत | मोदी ६ | सहायक रथी नेपाली सेना | |
| ८ | श्री ज्ञानेन्द्र विक्रम महत | मोदी ६ | नेपाल प्रहरीको डिआईजीबाट निवृत | |
| ९ | श्री हेमराज सुवेदी | मोदी ६ | नेपाल सरकारको सहसचिव रा यो आ | |
| १० | डा अनिल भट्टराई | मोदी ६ | बरिष्ठ मुटुरोग विशेषज्ञ शिक्षण अस्पताल | |
| ११ | श्री गोविन्द पुरी | मोदी ६ | प्रहरी उपरिक्षक नेपाल प्रहरी | |
| १२ | श्री राजेन्द्र गुरुङ | मोदी २ | एसपी बाट निवृत | |
| १३ | महेन्द्र जंग लामिछाने | मोदी ६ | प्रमुख सेनानी बाट निवृत | |
| १४ | प्रताप गुरुङ | मोदी ८ | प्रहरी उपरिक्षक बाट सेवा निवृत | |
| १५ | डा. तेज बहादुर सिंह महत | मोदी ६ | वन विज्ञान अध्यन संस्थानको डिनबाट सेवा निवृत | |

निर्णय नं.१६ सामाजिक सचेतना तथा परिचालन एवं फोहोरमैला व्यवस्थापन लगायत समाजका विभिन्न क्षेत्रमा गाउँपालिका सँग साझेदारी एवं योगदान गर्ने कार्यमा सक्रिय तपशिल बमोजिमका टोल विकास संस्थाहरु लाई सम्मानित गर्ने निर्णय गरियो ।

| क सं | टोल विकास संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | जनजागरण टोल विकास संस्था | मोदी २ | |
| २ | डिमुवा टोल विकास संस्था | मोदी ६ | |
| ३ | थामर्जुङ टोल विकास संस्था | मोदी ६ | |
| ४ | पातीचौर टोल विकास संस्था | मोदी ५ | |

निर्णय नं.१७ मोदी गाउँपालिकामा निर्माणाधिन एवं निर्माण सम्पन्न भईसकेको शित भण्डारहरुको संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन शितभण्डार संचालन तथा व्यवस्थापन कार्यविधि तर्जुमाको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

हिरादेवी शर्मा
अध्यक्ष

बद्री पुरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

CamScanner

निर्णय नं.१८ मोदी गाउँपालिकाको एम्बुलेन्स संचालन कार्यविधिलाई संशोधन गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.१९ मोदी गाउँपालिकाको बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनमा आवश्यक सहजीकरण गर्न बालमैत्री स्थानिय शासन घोषणा कार्यविधि २०७९ को दफा (७) को व्यवस्था बमोजिमको कार्यान्वयन सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं.२० मोदी गाउँपालिका वडा नं ८ चित्रे स्थित रतिखोला दराक चित्रे मोटरबाटो अन्तर्गत चौरलथरमा मिति २०८१।०३।२६ को अविरल बर्षाको कारण गणेश प्रसाद शर्माको घरमा क्षति पुगेको र बसोबास गर्न नमिल्ने भएको हुँदा आवश्यक राहत उपलब्ध गराईदिनुहुन भनी ८ नं वडा कार्यालयको च नं ७१५ मिति २०८१।०३।२८ को सिफारिस तथा डिमुवा प्रहरी चौकीको च नं २०७ मिति २०८१।०३।२८ को पत्रसाथ प्राप्त स्थलगत सर्जमिन मुचुल्का समेतको आधारमा निजलाई राहत स्वरुप विपद कोषबाट रु १५००० (अक्षरेपी रु पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२१ मिति २०८१।०३।२७ मा परेको अविरल वर्षाको कारण मोदी गाउँपालिका वडा नं २ देउपुर मख सिमखेत बस्ने खिम बहादुर खत्री क्षेत्रीको सिमखेत कृषी तथा पशुपंक्षी फर्ममा पहिरो गई उक्त फर्ममा क्षति पुगेको भनी मोदी गाउँपालिका वडा नं २ को च. नं. ४० मिति २०८१।०४।०६ को सिफारिस एवं डिमुवा प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का समेतको आधारमा निजलाई राहत स्वरुप विपद कोषबाट रु १५००० (अक्षरेपी रु पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२२ जिल्ला खेलकुद विकास समिति पर्वत लाई खेलकुद क्रियाकलाप संचालनको लागी उपाध्यक्ष सँग युवा कार्यक्रमबाट रु पचास हजार मात्र आर्थिक सहयोगको लागी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.२३२०८१ पौष १२ र १३ गते मुटु जोगाउँ लाजिम्पाट काठमाण्डौ र नेपाल कार्डियो डायबिटिज एण्ड थाईरोईड सेन्टर काठमाण्डौको प्राविधिक सहयोगमा मोदी गाउँपालिकाले मोदी ६ स्थित नवजागृत क्याम्पसमा २ (दुई) दिने मुटुरोग उपचार शिविर संचालनको लागी अध्यक्षसँग दिदिबहिनी र उपाध्यक्ष सँग युवा कार्यक्रमबाट खर्च व्यहोर्ने गरी स्रोत सुनिश्चित गरिएको रु चार लाखमा नपुग हुन आएको रु दुई लाख बहत्तर हजार दुई सय मात्र अध्यक्ष सँग दिदिबहिनी र उपाध्यक्ष सँग युवा कार्यक्रमबाट व्यहोर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.२४ मोदी गाउँपालिका वडा नं ४ लाई मिति २०८१/१२/२२ गते बालमैत्री स्थानिय शासनयुक्त वडा घोषणा गर्ने निर्णय गरियो ।

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

निर्णय नं.२५ मोदी गाँउपालिकाको समग्र विषयक्षेत्रगत कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संञ्चालन गर्न सम्पुर्ण शाखा र विद्यालयका कार्यक्रमहरुलाई समेटेर एक अभिभावक/घरधुरी एक भित्तेपात्रो पुग्ने गरी गाँउपालिकाको एकिकृत भित्तेपात्रो छपाई गर्न खर्च शिर्षक नं.२२३११ मसलन्द तथा कार्यालय सामाग्री कार्यक्रमबाट रु पाँच लाख स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.२६ मोदी गाँउपालिकाको भवन निर्माण सम्बन्धी कार्यविधि २०८१को दफा (६)उपदफा (१)को कानुनी व्यवस्था अनुसार तपसिल बमोजिमको नक्सा पास कार्यदल गठन गर्ने निर्णय गरियो ।

| क.स | नाम | पद | तोकीएको जिम्मेवारी |
|---|---|---|---|
| १ | हिरा देवी शर्मा | अध्यक्ष | संयोजक |
| २ | श्री दिपेन्द्र जंग लामिछाने | वडा अध्यक्ष | सदस्य |
| ३ | श्री लक्ष्मी वि.क | कार्यपालिका सदस्य | सदस्य |
| ४ | श्री प्रविन पोखेल | प्रशासकीय अधिकृत | सदस्य |
| ५ | श्री नविन शाही | ईन्जिनियर | सदस्य सचिव |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CS CamScanner

## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८२/०१/०४ गते

आज मिति २०८२ साल बैशाख ४ गते बिहीबारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक बहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | — | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | — | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | २०८२/०१/०४ | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक बहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | — | |
| १३ | श्री शान्ता आले | सदस्य | शान्ता | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | — | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | Rita | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | डिलमाया | |

अन्य उपस्थिति:

(१) ढाकाराम लामिछाने , लेखा अधिकृत

(२) सबमा सापकोटा प्रा.स. कृषि उपप्राविधिक

(३) रमा सुवेदी सचिवालय कर्मचारी

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, पातीचौर, पर्वत, गण्डकी प्रदेश, नेपाल

## मोदी गाउँपालिका गाउँ कार्यपालिका
## बैठक मिति २०८२/०१/०४ गतेको निर्णय

निर्णय नं.१ कार्यपालिकाको मिति २०८१ चैत्र १ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो।

निर्णय नं.२ नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ बमोजिम कोष सँग तीस प्रतिशत साझेदारीमा अनुदान माग गरी मोदी गाउँपालिकाको कृषी र पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनको लागी "स्मार्ट किसान : डिजिटल एग्रोटुरिजम" शिर्षकको परियोजनाको अवधारणापत्र स्वीकृत गरी गण्डकी प्रदेश कार्यक्रम कार्यान्वयन ईकाईमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.३ नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ को दफा (१६) को खण्ड (क) मा उल्लेख भए बमोजिम नवपर्वतन साझेदारी कोषबाट संचालन हुने कार्यक्रमको प्रभावकारी कार्यान्वयन समन्वय र सहजीकरणको लागी मोदी गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत शिक्षा अधिकृत श्री दिनेश शर्मालाई सम्पर्क अधिकृत तोक्ने निर्णय गरियो ।

निर्णय नं.४ आगामी आर्थिक वर्ष २०८२।०८३ को लागि प्रदेश समपुरक अनुदानका लागी तपशिल बमोजिमका कार्यक्रमहरु गण्डकी प्रदेश सरकार समक्ष सिफारिस गरी पठाउने निर्णय गरियो ।

| क्र सं | योजनाको नाम | माग गर्न प्रस्ताव गरिएको शिर्षक | प्रस्तावित बजेट रकम | कैंफियत |
|---|---|---|---|---|
| १ | गाडतारा-गिज्यान-तिलाहार- थामर्जुङ -जायगाउँ सडक मर्मत तथा स्तोरन्नती | प्रदेश सरकार समपुरक | २ करोड | |
| २ | सुनचाप पहिरो नियन्त्रण तथा भू संरक्षण योजना | प्रदेश सरकार समपुरक | २ करोड | |
| ३ | पातीचौर-टिमुरे क्याङ लेस्पार सडक | प्रदेश सरकार समपुरक | २ करोड | |

निर्णय नं.५ आगामी आर्थिक वर्ष २०८२।०८३ को लागि प्रदेश विशेष अनुदानका लागी तपशिल बमोजिमका कार्यक्रमहरु गण्डकी प्रदेश सरकार समक्ष सिफारिस गरी पठाउने निर्णय गरियो ।

| क्र सं | योजनाको नाम | माग गर्न प्रस्ताव गरिएको शिर्षक | प्रस्तावित बजेट रकम | कैंफियत |
|---|---|---|---|---|
| १ | पातीचौर कोल्डरुम निर्माण तथा व्यवस्थापन | प्रदेश सरकार विशेष | ४० लाख | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २ | मोदी बालउद्यान तथा खुला व्यायामशाला निर्माण | प्रदेश सरकार विशेष | ४० लाख | |
| ३ | मोदी सार्वजनिक ई-पुस्तकालय निर्माण | प्रदेश सरकार विशेष | ४० लाख | |

निर्णय नं.६ पातीचौर-- टिमुरे- क्याङ सडक खण्डमा पातीखोलाको कटानलाई रोक्नको लागी स्थानिय विपद व्यवस्थापन समितिको सिफारिस बमोजिम पातिखोला तटवन्ध निर्माणका लागी विपद व्यवस्थापन कोषबाट खर्च गर्नेगरी रु ५०००००।-(पाँच लाख मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.७ नवप्रवर्तन साझेदारी कोषबाट संचालित कार्यक्रमको प्रभावकारी संचालन,व्यवस्थापनको, नियमन सुपरिवेक्षण गर्नका लागि देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स | नाम | पद | तोकीएको जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | श्री विमल लामिछाने | उपाध्यक्ष | संयोजक | |
| २ | श्री लक्ष्मी विक | आर्थिक विकास समिति संयोजक | सदस्य | |
| ३ | श्री प्रविन पोखेल | योजना शाखा प्रमुख | सदस्य | |
| ४ | श्री ढाकाराम लामिछाने | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य | |
| ५ | श्री वावुराम पुरी | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

निर्णय नं.८ मोदीगाउँपालिकाको आधारभूत शिक्षा परिक्षा २०८१ मा सहभागी विद्यार्थी तथा सहजकर्ता शिक्षकहरुको भौगोलिक दुरीका आधारमा मोदी गाउँपालिकाको खर्चको मापदण्ड बमोजिम विद्यालयहरुलाई आवतजावत, यातायात्र खर्च वापतको रकम रु २,८९,८००।- (अक्षरेपी रु दुई लाख उनान्नब्बे हजार आठ सय मात्र) र परिक्षा संचालन वापतको खर्च रकम रु १,६७,८४४- (अक्षरेपी रु एकलाख सतसट्ठी हजार आठ सय चौवालिस) गरी जम्मा रु ४,५७,६४४ (अक्षरेपी रु चार लाख सन्ताउन्न हजार छ सय चौवालिस मात्र) कक्षा ८ को परिक्षा संचालन खर्च कार्यक्रम अन्तर्गत खर्च शिर्षक नं २५३११ बाट खर्च गर्नेगरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.९ मोदी गाउँपालिका वडा नं १ भुकताङलेमा गत असार श्रावण महिनामा आएको बाढी पहिरोको कारण क्षतिग्रस्त भएका ग्रामिण सडकहरुको मर्मत सम्भार सरसफाई तथा पहिरोहरु पन्छाउने

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

CamScanner

कार्यको लागी विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु १२००००।- (अक्षरेपी रु एक लाख बिस हजार मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.१० मोदी गाउँपालिकाको शिक्षा शसर्त अनुदान तर्फ शैक्षिक गुणस्तर तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका विद्यालयहरुमा निम्न बमोजिमका योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क सं | विद्यालयको नाम | कार्यान्वयन हुने योजना/कार्यक्रम |
|---|---|---|
| १ | जननेत्र माध्यमिक विद्यालय मोदी २ | विज्ञान प्रयोगशाला |
| २ | भूक देउराली माध्यमिक विद्यालय मोदी १ | ICT पुस्तकालय |
| ३ | महेन्द्र शिखरी माध्यमिक विद्यालय | ICT पुस्तकालय |

निर्णय नं.११ मोदी गाउँपालिकाको एम्बुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१२ मोदी गाउँपालिकाको शितभण्डार संचालन तथा व्यवस्थापन कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१३ मोदी गाउँपालिकाको उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१४ मोदी गाउँपालिका वडा नं २ स्थित प्रभावकारी आधारभूत विद्यालयको भवनमा २०८१ असार २१ र २२ गतेको अविवरल वर्षाको कारणले क्षति पुगेको हुँदा उक्त विद्यालयको क्षतिग्रस्त भवन सोर्डेक नेपाल सँग पचास प्रतिशत बराबरको साझेदारीमा मर्मत सम्भार गर्नको लागी विपद कोषबाट रु ३२५०००।-(अक्षरेपी रु तीन लाख पच्चिस हजार मात्र ) खर्च गर्नेगरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.१५ मोदी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा गणित र विज्ञान विषयमा तपशिल बमोजिमका प्रकाशनका पाठ्यपुस्तकहरु सम्बन्धित प्रकाशकबाट छुट सहितको न्यूनतम दररेट माग गरी सोही आधारमा सार्वजनिक विद्यालयहरुलाई चालु आ.व. २०८१।०८२ को स्वीकृत कार्यक्रम बमोजिम अंग्रेजी माध्यमका पाठ्यपुस्तकमा अनुदान प्रदान गर्ने निर्णय गरियो ।

| क सं | कक्षा | पाठ्यपुस्तक को विषय | प्रकाशक | कैफियत |
|---|---|---|---|---|
| १ | ० | All in One | आठराई प्रकाशन | |
| २ | १ | गणित | Swarnim Publication | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३ | २ | गणित | Swarnim Publication | |
| ४ | ३ | गणित | Swarnim Publication | |
| ५ | ४ | गणित<br>विज्ञान तथा प्रविधि | Swarnim Publication | |
| ६ | ५ | गणित<br>विज्ञान तथा प्रविधि | Swarnim Publication | |
| ७ | ६ | गणित<br>विज्ञान तथा प्रविधि | Allied Publication<br>Times Publication | |
| ८ | ७ | गणित<br>विज्ञान तथा प्रविधि | Allied Publication<br>Times Publication | |
| ९ | ८ | गणित<br>विज्ञान तथा प्रविधि | Allied Publication<br>Times Publication | |
| १० | ९ | गणित<br>अतरिक्त गणित<br>विज्ञान | Readmore/Vedanta Publication<br>Subharambha Publication<br>Vidyarthi Publication | |
| ११ | १० | गणित<br>अतरिक्त गणित<br>विज्ञान | Readmore/Vedanta Publication<br>Subharambha Publication<br>Vidyarthi Publication | |

निर्णय नं.१६ क्याङ कर्वकिली आधारभूत विद्यालयको नि.मा.वि. राहत अनुदान अन्तर्गतको दरबन्दीमा कार्यरत श्री घनश्याम पोखेललाई जन आदर्श आधारभूत विद्यालय बाउसेको रिक्त नि.मा.वि. राहत अनुदान दरवन्दीमा सरुवा गर्ने निर्णय गरियो ।

निर्णय नं.१७ मोदी गाउँपालिका वडा नं १ स्थित झिलिबराङ आधारभूत विद्यालयको प्रा.वि. दरबन्दी स्थानान्तरण गरि खुईजेरी आधारभूत विद्यालयमा कायम गर्ने र खुईजेरी आधारभूत विद्यालयको प्रा.वि. राहत अनुदान दरबन्दी स्थानान्तरण गरी झिलिबराङ आधारभूत विद्यालयमा कायम गरी सोही बमोजिम शिक्षक जनशक्तीको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.१८ मोदी कवर्ड हलमा सिसि क्यामारा जडानको लागी मोदी कर्वड हल व्यवस्थापन कार्यक्रम खर्च शिर्षक नं ३११५९ बाट रु १०००००।–(अक्षरेपी रु एक लाख मात्र) खर्च व्योहोर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

बाबुराम पुरी

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

निर्णय नं.१९ मोदी व्याडमिन्टन संघलाई विविध खेलकुद कार्यक्रम संचालन खर्च वापत स्वीकृत कार्यक्रमको प्रस्तावना बमोजिम युवा सँग उपाध्यक्ष कार्यक्रमबाट खर्च व्यहोर्ने गरी रु २०००००।- (अक्षरेपी रु दुई लाख मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.२० मोदी गाउँपालिकाको पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८१ को दफा (४) को उपदफा (१) मा भएको व्यवस्था बमोजिम तपशिल बमोजिमको गाउँपालिकास्तरिय पशुपंक्षी विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| क सं | पदाधिकारी/कर्मचारीको नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | अध्यक्ष | |
| २ | गाउँपालिका उपाध्यक्ष | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ४ | आर्थिक विकास समितिको संयोजक | सदस्य | |
| ५ | कृषी विकास शाखा प्रमुख | सदस्य | |
| ६ | पशु सेवा शाखाको प्राविधिक कर्मचारी | सदस्य | |
| ७ | पशु सेवा शाखाको प्रमुख | सदस्य सचिव | |

निर्णय नं.२१ मोदी गाउँपालिकाको पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०८१ को दफा (५) को उपदफा (४) मा व्यवस्था भए बमोजिम तपशिल बमोजिमको प्रस्ताव मुल्याकन तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| क सं | पदाधिकारी | पद | कैफि |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष | |
| २ | गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक | सदस्य | |
| ३ | कृषी शाखा प्रमुख | सदस्य | |
| ४ | पशु सेवा शाखाको कार्यक्रम हेर्ने फोकल कर्मचारी | सदस्य | |
| ५ | पशु सेवा शाखाको प्रमुख | सदस्य सचिव | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको
पाखिघोर,
गण्डकी प्रदेश

CamScanner

निर्णय नं.२२ मोदी गाउँपालिकाको गाउँसभा अन्तर्गतको विधायन समितिको सदस्य सचिवको रुपमा प्रशासन शाखा प्रमुखलाई तोक्ने निर्णय गरियो ।

निर्णय नं.२३ नेपाल मगर संघ गण्डकी प्रदेशको आयोजनामा मगर समुदायको मौलिक परम्परा संस्कृती भाषा र पहिचानको जगेर्ना गर्ने उद्देश्यले आयोजना गरिएको प्रदेश स्तरिय मौलिक मगर सांस्कृतिक महोत्सव २०८१ कार्य्रक्रममा सहयोगी संस्थाको रुपमा प्रायोजन वापत रु पन्ध्र हजार आर्थिक सहायता खर्च शिर्षकबाट प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं.२४ गाउँपालिका राष्ट्रिय महासंघको च.नं. ६४ मिति २०८१।१२।०६ को पत्रानुसार गाउँपालिका महासंघको सदस्यता नविवकरणको लागी लेखि आएको हुँदा सदस्यता नविकरण वापतको रु ३००००।– (अक्षरेपी रु तीस हजार मात्र) आर्थिक सहायता खर्च शिर्षकबाट गाउँपालिका राष्ट्रिय महासंघलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.२५ गत आ.व. २०८०।०८१ मा छपाई गरिएको कक्षा १ देखि ३ सम्मको स्थानिय पाठ्यक्रमको पाठ्यपुस्तक छपाई वापतको कुल खर्च रकम रु ५९७०००।-(अक्षरेपी रु पाँच लाख सन्तानब्बे हजार) भुक्तानी हुनुपर्नेमा गत आ.व. को भुक्तानी बाँकी अन्तर्गत बजेट पुस्तिकामा रु पाँच लाख मात्र समावेश भएको हुँदा बाँकी रु ९७०००।– (अक्षरेपी रु सन्तानब्बे हजार मात्र) गत वर्षको भुक्तानी बाँकी (चालु खर्च) तर्फबाट भूक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.२६ जिल्ला खेलकुद विकास समिति पर्वतलाई जिल्लाभित्र विभिन्न खेलकुद गतिविधिहरु संचालन गर्नको लागी अनुदान सहयोग वापत रु १५००००।– (अक्षरेपी रु एकलाख पचास हजार मात्र) विनियोजन भएकोमा उपाध्यक्ष सँग युवा कार्यक्रमबाट रु ५००००।–(अक्षरेपी रु पचास हजार मात्र) थप गरी जम्मा रु २०००००।- (अक्षरेपी रु दुई लाख मात्र) भुक्तानी भएकोले उक्त कार्यक्रममा खर्च भएको जम्मा रकम रु २०००००।– (अक्षरेपी रु दुई लाख मात्र) को खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.२७ प्रेस चौतारी नेपाल पर्वतलाई संस्थाको विभिन्न क्रियाकलाप तथा पुरस्कार वितरण कार्यक्रम संचालन गर्नको लागी उपाध्यक्ष सँग यूवा कार्यक्रमबाट रु ५००००।– (अक्षरेपी रु पचास हजार मात्र) भुक्तानी भएको हुँदा उक्त खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.२८ गाउँपालिका स्थापना दिवस कार्यक्रम खर्च शिर्षक नं २२५२२ मा रु २०००००।– (अक्षरेपी रु दुई लाख मात्र) विनियोजन भएकोमा उक्त कार्यक्रम संचालन वापत नपुग खर्च रकम रु

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

५३०००।- (अक्षरेपी रु त्रिपन्न हजार मात्र) अन्य कार्यालय संचालन खर्च शिर्षकबाट खर्च गर्नेगरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.२९ मोदी गाउँपालिका वडा नं ६ स्थित डिमुवा प्राथमिक विद्यालयमा रंगरोगन तथा मर्मत सम्भार गर्ने प्रयोजनको लागी सडक तथा सार्वजनिक भौतिक संरचना मर्मत सम्भार कोषबाट खर्च गर्नेगरी गरी रु १०००००।– (एक लाख मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.३० मोदी गाउँपालिका वडा नं ६ अन्तर्गत डिमुवा मरेघाट (दाहसंस्कार स्थल ) जानेबाटोमा पहिरो गई आवतजावतमा कठिनाई परेको भन्ने स्थानिय बासिन्दाको गुनासो तथा वडा नं ६ को कार्यालयको सिफारिस अनुसार पहिरो गएको स्थानमा तटवन्ध निर्माण तथा बाटो मर्मत सम्भार गरी बाटो सुचारु गर्न प्राविधिक लागत अनुमान बमोजिम विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु २०००००।– (अक्षरेपी रु दुई लाख मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

निर्णय नं.३१ मोदी गाउँपालिका र वन विज्ञान अध्यन संस्थान पोखरा क्याम्पसमा पोस्टग्र्याजुएट एम.एस्सी (NRMRD) अन्तिम वर्षमा अध्यरन पोखरा महानगरपालिका वडा नं २० निवासी श्री प्रकृती शर्मा विच पञ्चासे वन क्षेत्रको अध्यन अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने विषयमा भएको सम्झौता बमोजिम " Eco-Tourism Contribution on Livelihood of Local Community : A case study of the nearby village of Panchase Forest Conservation Area" विषयमा अध्यन अनुसन्धान गरी December 2024 मा प्रतिवेदन पेश भएको हुँदा निज अनुसन्धानकर्ता प्रकृती शर्मालाई आर्थिक सहायता खर्च शिर्षक नं २७२१२ बाट रु २००००।– (अक्षरेपी रु वीस हजार मात्र) भुक्तानी गर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.३२ मोदी गाउँपालिका वडा नं ५ स्थित मोदी सभाहलको मर्मत सम्भारको लागी सडक तथा सार्वजनिक भौतिक संरचना मर्मत सम्भार कोषबाट खर्च गर्नेगरी गरी रु २०००००।–(अक्षरेपी दुई लाख मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.३३ मोदी गाउँपालिकामा प्राकृतिक विपत्ती तथा प्रकोपबाट हुनसक्ने क्षति न्यूनिकरण तथा विपद प्रभावित नागरिकहरुलाई तत्काल राहत प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको विपद कोषमा मोदी गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारको २०८२ बैसाख महिनाको तलबभत्ताबाट तथा जनप्रतिनिधिहरुको सेवा सुविधा वापतको रकमबाट १ (एक) दिन बराबरको रकम विपद व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं.३४ खेलकुदको माध्यमबाट युवाहरुलाई सशक्तिकरण गर्ने र स्थानिय युवा क्लवहरुलाई आर्थिक सहयोग मार्फत सामाजिक परिचालन गर्ने उद्देश्य अन्तर्गत मोदी गाउँपालिका वडा नं ५ स्थित युनाईटेड क्लव अफ पातीचौरले २०८१ फागुन १४ देखि १८ गते सम्म महाशिवरात्रीको अवसरमा

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पातिचौर, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

CamScanner

संचालन गरेको वडा स्तरिय खुल्ला भलिबल प्रतियोगिता २०८१ को प्रथम पुरस्कार वापतको रकम रु ५५५५५।– (अक्षरेपी रु पचपन्न हजार पाँच सय पचपन्न मात्र) युवा सँग उपाध्यक्ष कार्यक्रम बाट उपलब्ध गराउने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.३५ मोदी गाउँपालिका वडा नं ५ ज्यामिरेमा अवस्थित शिव मन्दिरको सत्तल मर्मत सम्भारको लागी सडक तथा सार्वजनिक भौतिक संरचना, धार्मिक, पुरातात्विक, सांस्कृतिक सम्पदा मर्मत संभार कोषबाट खर्च गर्ने गरी रु ८८०००।– (अक्षरेपी रु अठासी हजार मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.३६ गाउँपालिकाको स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवालाई प्रभावकारी र नागरिकमैत्री बनाउन गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा कार्यरत रहि खोप कार्यक्रम, गाउँघर क्लिनिक, स्वास्थ्य आमा समुह कार्यक्रममा संलग्न स्वास्थ्यकर्मीहरु तथा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको मनोबल उच्च बनाउन र कामप्रति उत्प्रेरित गर्न मोदी गाउँपालिकाको १६ औं गाउँसभाबाट महिला स्वास्थ्य स्वयंसेविका/स्वास्थ्यकर्मी प्रोत्साहन खर्च शिर्षकमा विनियोजन भएको बजेटबाट स्वास्थ्यकर्मीहरु तथा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई नेपाल सरकारको स्वीकृत नर्म्स तथा मापदण्ड बमोजिम २०८१ श्रावण देखि चैत्र मसान्त सम्मको तपशिल बमोजिमको मासिक प्रोत्साहन खर्च उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| सि नं | स्वास्थ्यकर्मीको तह | मासिक प्रोत्साहन खर्च | कैफियत |
|---|---|---|---|
| १ | छैठौं तह | २५९० | |
| २ | वरिषष्ठ सहायक पाचौं तह | २४८० | |
| ३ | सहायक पाचौं तह | २२५० | |
| ४ | सहायक चौथो तह | १८०० | |
| ५ | सहायक तेस्रो तह | १५८० | |
| ६ | सहायक दोस्रो तह | १३५० | |
| ७ | सहायक प्रथम तह | १२०० | |

**नोट :** सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सहायक प्रथम सरह प्रोत्साहन खर्च उपलब्ध गराउन सकिनेछ ।

निर्णय नं.३७ मोदी गाउँपालिका र हिमाली बालकल्याण संरक्षण मञ्च काठमाण्डौ विच भएको प्रारम्भिक सहमति पत्र बमोजिम मोदी गाउँपालिका वडा नं १ का आम नागरिकहरुलाई विभिन्न विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने, सामुदायिक विद्यालयहरुको भौतिक तथा शैक्षिक क्षेत्रमा सहयोग पुर्याउने, खेलकुद

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश
२०७३

CamScanner

सामग्रीहरु तथा छात्रवृती वितरण गर्ने, कृषी क्षेत्रमा आवश्यक सहयोग गर्ने लगायतका विभिन्न सहयोगको लागी मोदी गाउँपालिका सँग साझेदारीमा कार्यक्रम संचालन गर्नेगरी उक्त संस्थाबाट प्रदान गरिएको रकम रु १८,३४,५००।- (अक्षेरपी रु अठार लाख चौतिस हजार पाँच सय मात्र) स्वीकार गर्ने र गैरसरकारी संस्थासँग साझेदारी सम्बन्धी प्रचलित ऐन नियमावली तथा कार्यविधि बमोजिम वडा नं १ मा विभिन्न स्वास्थ्य कार्यक्रमहरु संचालन गर्नको लागी कार्यान्वयन कार्ययोजना निर्माण गरी वडा नं १ को कार्यालयको लागी विनियोजित बजेटबाट अधिकतम पच्चिस प्रतिशत सम्म लागत साझेदारी तथा प्रचलित आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व एवं सार्वजनिक खरिद सम्बन्धी प्रचलित ऐन नियमावली बमोजिम स्वास्थ्य शिविर संचालनको लागी आवश्यक औषधी, स्वास्थ्य सामग्री खरिद, बायो/मेडिकल उपकरण मर्मत सम्भार, स्वास्थ्य शिविर व्यवस्थापन लगायतमा खर्च गर्नेगरी प्रस्तावित समझदारी पत्र (Memorandum Of Understanding) स्वीकृत गर्ने र मोदी गाउँपालिकाको तर्फबाट उक्त समझदारीपत्रमा हस्ताक्षर गर्न वडा नं १ का वडाध्यक्ष श्री टेक बहादुर गुरुङ र गाउँपालिकाको स्वास्थ्य शाखालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.३८ नेपाल मुस्लिम ईत्तेहाद संगठन जिल्ला कमिटी पर्वतलाई पेश भएको प्रस्तावना बमोजम विभिन्न कार्यक्रमहरु संचालनको लागी रु पन्ध्र हजार मात्र आर्थिक सहायता खर्च शिर्षक नं २७२१२ बाट स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.३९मोदी गाउँपालिका युव उद्यम कार्यक्रम अन्तर्गत यस कार्यालयबाट तपशिल बमोजिमका उद्यमीहरुले विभिन्न मितिमा व्यावसाय स्थापना वा संचालनको लागी गाउँपालिकाबाट व्याज नलाग्ने गरी लिएको र हालसम्म चुक्ता नभएको कर्जावापतको रकम सम्बन्धित व्यक्तिबाट प्रचलित ऐन नियमको अधिनमा रहि सरकारी बाँकी सरह असुल उपर गर्ने निर्णय गरियो ।

तपसिल

| क्र सं | उद्यमीको नामथर | ठेगाना | व्यावसायको प्रकार | असुल गर्नुपर्ने कर्जा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री मनोज के सी | मोदी ६ | बाख्रापालन फर्म | रु ५००००००।- (अक्षरेपी रु पाँच लाख मात्र) | |
| २ | श्री गणेश पुन मगर | मोदी ४ | बैशाली कृषी सहकारी | रु ५००००००।- (अक्षरेपी रु पाँच लाख मात्र | |
| ३ | श्री लोक बहादुर क्षेत्री | मोदी ८ | नमस्ते चित्रे पञ्चासे कृषी फर्म | रु ५००००००।- (अक्षरेपी रु पाँच लाख मात्र | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

निर्णय नं.४० रतिखोला नहरको गिज्यान तर्फको विभिन्न स्थानमा ठुला ठुला पहिरोको कारण नहरको निर्माण कार्य जटिल हुँदै आएको र बाढी पहिरोको कारण वर्षेनी नहरमा क्षति भई नहर निर्माण तथा मर्मत वापत खर्च भएको रकम समेत जोखिममा पर्ने अवस्थाको न्यूनीकरण गरी लिफ्टिङ प्रविधिको प्रयोग मार्फत रति नहरलाई सुचारु गर्न डिपिआर प्रतिवेदन एवं लागत अनुमान बमोजिम नहरको निर्माण कार्यको बोलपत्र आव्हानको लागी गाउँपालिकाले संघिय समपुरक अनुदानमा साझेदारी गर्नको लागी विनियोजन गरेको रु २०,००,०००।-(अक्षेरपी रु बिसलाख) नपुग हुने भएकोले देउपुर -ठूलीपोखरी- पुर्णगाउँ- लाङ्दी -घुरुङ्गा सडक स्तरोन्नती तथा कुश्मा नगरपालिका वडा नं ११- गंगटे हुँदै गोतामेथर- राँपु- आर्थर- डाँडाखर्क हुँदै स्याङजा जोड्ने सडक योजनाहरुको बोलपत्र आव्हान गर्दा कम रकममा ठेक्का लागी बचत भएको रकमबाट रकम रु २३,५०,०००।- (अक्षेरपी रु तेईस लाख पचास हजार मात्र) थप गरी कुल वजेट रकम रु ४६,५०,०००।- (अक्षेरपी रु छ्यालिस लाख पचास हजार मात्र) कायम हुनेगरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.४१ मोदी ५ माझगाउँमा रहेको सामुदायिक भवनको मर्मतको लागि रु ५००००।- (अक्षेरपी रु पचास हजार मात्र) सडक तथा सार्वजनिक भौतिक संरचना मर्मत सम्भार कोषबाट खर्च गर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

निर्णय नं.४२ मोदी गाउँपालिकाको कोसेली तथा सौगातघर संचालनको लागी मिति २०७५। मा मोदी ४ वस्ने चन्द्र बि के लिएको रु चार लाख र प्रचलित कानुन बमोजिमको व्याज समेत गरी असुल गर्ने प्रयोजनको लागी उद्यम विकास समितिको मिति २०८१।१२।२० गतेको बैठकको निर्णय अनुसार सिफारिस भई आएको मोदी कोसेली तथा सौगातघरमा रहेका सामग्रीहरुको कुल मुल्य रु ४,४४,२१८।-(अक्षेरपी रु चार लाख चौवालिस हजार दुई सय अठार मात्र) मा एकमुष्ट बीस प्रतिशत ह्रासकट्टी वापत रु ८८८४३.६०।- (अक्षेरपी रु अठासी हजार आठ सय त्रिचालिस र पैसा साठी मात्र) कट्टी गरी हुन आउने रकम रु ३,५५,३७४.४०।- (अक्षेरपी रु तीन लाख पच्पन्न हजार तीन सय चौहत्तर र पैसा चालिस मात्र) लाई बिक्री मुल्य कायम गरी प्रचलित कानुन बमोजिम लिलाम गरी सोवापत प्राप्त हुने रकम मोदी गाउँपालिकाबाट कोसेलीघर संचालनको लागी लिएको ऋण वापतको रु चार लाख र सोको २०८१ चैत्र मसान्त सम्मको व्याजसमेत गरी हुन आउने कुल रु ५०००००।- (अक्षेरपी रु पाँच लाख मात्र ) बाट कट्टी गरी बाँकी रकम संचालकबाट सरकारी बाँकी सरह असुल उपर गरी उक्त कोसेली घर नयाँ विधि र व्यवस्थापनका साथ संलालन गर्ने निर्णय गरियो ।

निर्णय नं.४३ मोदी-७ राँपु स्थित गुरुङ समाजघर मर्मत सम्भार तथा ब्यवस्थापनको लागी सडक तथा अन्य सार्वजनिक भौतिक संरचना मर्मत सम्भार कोषबाट खर्च गर्नेगरी रु १०००००।-(अक्षेरपी रु एकलाख मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

निर्णय नं.४४ मोदी- ६ तिलाहारमा रहेको लामोचौतारो तथा शिवालय मन्दिर मर्मत सम्भार तथा रंगरोगनको लागी सडक तथा अन्य सार्वजनिक भौतिक संरचना मर्मत सम्भार कोषबाट खर्च गर्नेगरी रु १०००००।-(अक्षरेपी रु एकलाख मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.४५ मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको गत आ व २०८०।०८१ को अन्तिम लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदन एवं चालु आर्थिक वर्ष ०८१।०८२ को प्रथम र दोस्रो चौमासिक अवधीको आन्तरिक लेखापरिक्षण प्रतिवेदनले औंलाएका विषयहरु सम्वन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन २०७६ बमोजिम प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गरी फर्छ्यौट गर्न लेखा उत्तरदायी अधिकारीहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.४७ मोदी गाउँपालिका वडा नं ३ देउरालीमा रहेको माझगाउँ सामुदायिक भवनको मर्मत सम्भारको लागी रु ६३०००।-( अक्षरेपी रु त्रिसट्ठी हजार मात्र ) सडक तथा अन्य सार्वजनिक भौतिक संरचना मर्मत सम्भार कोषबाट खर्च गर्नेगरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.४८ चालु आ व २०८१।०८२ मा रकम भुक्तानीको लागी स्रोत अभावको कारणले समयमा भुक्तानी गर्न कठिनाई परेको हुँदा योजना कार्यक्रमको लागी विनियोजित कुल रकममा फरक नपर्ने गरि मोदी गाउँपालिकाको विनियोजन ऐन २०८१ को दफा ३ को उपदफा २ मा उल्लेख भएको व्यवस्था बमोजिम आवश्यकता अनुसार SUTRA प्रणालीमा स्रोत संशोधन गरी योजना कार्यक्रमहरुको खर्च रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.४९ पोखरे-नेपाने-ज्यामिरे सडक जोड्नका लागि (पोखरे देखी सरस्वती मा.वि गेट सम्म) ट्र्याक ओपन गर्न रु.५८००००(अक्षरुपी पाँच लाख असि हजार रुपैयाँ मात्र) विभिन्न संघ तथा प्रदेशको आयोजना संचालनको लागि विनियोजित समपुरक कोषबाट खर्च गर्ने गरी रकम सुनिश्चित गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

CamScanner

## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८२/०२/०६ गते

आज मिति २०८२ साल जेठ ६ गते मंगलबारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | २०८२/०२/०६ | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी वि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | शान्ता | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | Rita | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | डिलमाया | |

**अन्य उपस्थिति:**

(१) इ. नविन थापा,
(२) म.वि.नि. पुण्य कुमारी शर्मा
(३) रमा सुवेदी (सचिवालय कर्मचारी)
४. नरेन्द्र सुवेदी सहायक चौथो

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पातीचौर, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

## मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८२/०२/०६ गतेको निर्णय

**निर्णय नं.१** कार्यपालिकाको मिति २०८२ बैशाख ४ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो।

**निर्णय नं.२** मोदी गाउँपालिका क्षेत्रको खोला,नदीनाला तथा निजी जग्गाबाट ढुङ्गा,गिटी, बालुवा,ग्राभेल,माटो, तथा खनिजजन्य प्रकृतिक स्रोत—साधन (संकलन ,उपयोग र बिक्रि बितरण) सम्बन्धी कार्यविधि २०८२ स्वीकृती गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** मिति २०८२।०१।२५ देखि २०८२।०२।०४ सम्म मोदी गाउँपालिका वडा नं १ देखि ८ सम्म संचालन गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमको समिक्षा गर्दै कार्यक्रममा सेवाप्रवाहको सम्बन्धमा उठान भएका विषय बस्तु एवं गुनासोहरुलाई यथाशिघ्र सम्बोधन गर्न विषय क्षेत्रगत रुपमा सम्बन्धित शाखा उपशाखालाई आवश्यक निर्देशन दिने र आगामी आर्थिक वर्षको नीति योजना कार्यक्रम तथा बजेटमा समावेश गर्नुपर्ने भनी माग भएका योजना कार्यक्रमहरुलाई सम्बन्धित वडा कार्यालयको प्राथमिकिकरण अनुसार आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेश अन्तर्गत संचालित प्रदेश तथा स्थानिय शासन सवलीकरण कार्यक्रम (PLGSP) तर्फ स्थानिय सुशासन, सार्वजनिक सेवा प्रवाह र स्थानिय आर्थिक विकास क्षेत्रमा नवपर्वतन प्रवर्द्धन गर्ने उद्देश्यले नवपर्वतन साझेदारी कोष कार्यान्वयन निर्देशिका २०७८ अनुसार मिति २०८१।१२।२२ गते प्रकाशित सूचना बमोजिम मोदी गाउँपालिकाबाट पेश भएको "स्मार्ट किसान डिजिटल एग्रो टुरिजम" विषयक अवधारणापत्र गण्डकी प्रदेश सरकारबाट छनौट भई पुर्ण प्रस्तावको लागी गाह्रय भएको हुँदा मोदी गाउँपालिकाको स्थानिय आर्थिक विकासको संभावनाको रुपमा रहेका कृषी, पर्यापर्यटन उद्यमशिलतालाई एकआपासमा समेटेर पुर्ण प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.५** मोदी गाउँपालिका वडा नं ६ साविक तिलाहार गा. वि. स. वडा नं १ देखि ९ सम्मका नागरिकहरुले साविक मोदी ६ पहरे स्थित राम्जा तिलाहार स्वास्थ्य चौकी रहेको स्थानको भौगोलिक अवस्थिति एवं यातायात असुविधाको कारण सहज रुपमा स्वास्थ्य सेवा प्रास नसकेको र डिमुवा पातीचौर बजार क्षेत्रको गा नागरिहरुलाई समेत प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने आवश्यकता

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

समेतलाई मध्यनजर गर्दै स्वास्थ्य चौकीको भवन तथा जग्गाको स्वामित्व यथावत कायम हुने गरी राम्जा तिलाहार स्वास्थ्य चौकीको सेवा मोदी गाउँपालिका ६ नं वडा कार्यालय रहेको भवनबाट प्रवाह गर्ने र मोदी गाउँपालिका वडा नं ६ पहरे स्थित राम्जा तिलाहार स्वास्थ्य चौकी रहेको भवनबाट वडा कार्यालयको सेवा प्रवाह गर्ने निर्णय गरियो। साथै साविकमा ६ नं वडा कार्यालय रहेको डिमुवा स्थित भवनमा स्वास्थ्य सेवा सुचारु गर्न स्वास्थ्य सेवाको लागी तोकिएको Minimum Service Standard बमोजिमको आवश्यक संरचना तथा लेआउट निर्माण गर्न चालु आर्थिक वर्षको संघिय सरकार राजश्व बाँडफाँड स्रोत अनर्गत खर्च शिर्षक नं २२५२२ मा विनियोजन गरिएको बजेट मध्येवाट खर्च गर्ने गरी रु १०००००० ।-(अक्षरेपी रु दश लाख मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.६ गाउँपालिका भित्रका महत्वपुर्ण योजना आयोजनाहरुको पहिचान एवं छनौटको निश्चित मापदण्ड तयार गरी सोहि बमोजिम योजना आयोजना छनौटको प्रक्रियाको थालनी गर्नको लागी सरोकारवाला शाखा उपशाखा तथा वडा कार्यालयहरुलाई मार्गनिर्देशन गर्दै प्रमाणमा आधारित र स्थानिय आवश्यकताको आधारमा योजना आयोजनाहरु निश्चित मापदण्डका माध्यमबाट चयन गर्ने र विकास आयोजनाहरु तोकिएको लागतमा गुणस्तर सुनिश्चित हुने गरी निर्धारित समयमा सम्पन्न हुने अवस्था सृजना गर्न मोदी गाउँपालिकाको आयोजना वैंक सम्बन्धी कार्यविधि तर्जुमा गरी आयोजना वैंकको अवधारणा लागु गर्ने निर्णय गरियो ।

निर्णय नं.७ मोदी गाउँपालिका वडा नं ६ स्थित नवजागृत माध्यमिक विद्यालयले पेश गरेको प्रस्तावनालाई स्वीकृत गरी प्रस्तावनामा उल्लेखित शिर्षकहरुमा मात्र खर्च गरी प्रचलित आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्वन्धी ऐन नियमावली बमोजिम फर्छ्यौट गर्ने शर्तमा रु १०००००० ।- (अक्षरेपी रु दश लाख मात्र) शैक्षिक कार्यक्रम संचालन गर्न प्रस्तावनामा आधारित संघिय शशर्त बजेट शिर्षकबाट विद्यालयको नाममा निकासा दिने निर्णय गरियो।

निर्णय नं.८ महालेखा परिक्षकको कार्यालयको गत आ. व. २०८०।०८१ को प्रारम्भिक लेखापरिक्षण प्रतिवेदन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको विभिन्न समयमा प्राप्त सुझावहरुको प्रभावकारी कार्यान्वयन गर्न तथा गाउँ कार्यपालिकाको कार्यालयको संगठन संरचनालाई चुस्त र छरितो बनाउन संघिय तथा प्रदेश सरकारबाट विभिन्न कार्यक्रममा बजेट विनियोजन भई लागत साझेदारीमा निर्दिष्ट कार्यक्रम संचालनको लागी सेवा करारमा नियुक्त भएका तथा अत्यावश्यक सेवाका कर्मचारी बाहेकका गाउँ कार्यपालिकाको कार्यालय वा मातहतका निकायको लागी संघिय मामिला तथा सामान्य प्रशासन

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
मोदी गाउँपालिका
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

मन्त्रालयबाट प्रस्ताव गरिएको दरबन्दी तेरिजमा उल्लेख भएको पद एवं संख्या भन्दा बढी हुनेगरी विभिन्न समयमा सेवा करारमा नियुक्त गरिएका, करार कर्मचारीहरुको सम्बन्धमा कार्यालयको नयाँ संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत भए पश्चात सेवा करार सम्झौता नविकरण नगर्ने निर्णय गरियो ।

**निर्णय नं.९** मोदी गाउँपालिका वडा नं ७ राँपु स्थित समाजघरको मर्मत सम्भारको लागी साविकमा विनियोजन भएको बजेटमा लागत अनुमान बमोजिम नपुग हुन आउने रु ५००००।- (अक्षरेपी रु पचास हजार मात्र) सडक तथा सार्वजनिक भौतिक संरचना मर्मत सम्भार कोषबाट खर्च गर्नेगरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०** चालु आर्थिक वर्ष २०८१।०८२ को लागी बजेट पुस्तिकामा समावेश भएका योजना तथा कार्यक्रमहरु मध्ये आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी बजेट विनियोजन भएका योजना तथा कार्यक्रमहरुको योजना सम्झौता नगर्ने र उक्त योजना तथा कार्यक्रमहरु सम्बन्धित वडाको प्राथमिकता तथा स्थानिय आवश्यकता अनुसार आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.११** युएनडिपी नेपाल सँगको साझेदारी एवं सहकार्यमा मोदी गाउँपालिकाको आर्थिक सामाजिक रुपले जोखिममा परेका वर्ग लगाएतको विषयमा घरधुरी विवरण संकलन गर्न संचालनमा ल्याईएको Socio Economic Vulnerability Management System (SEVMIS) को लागी तथ्यांक संकलनमा खटिने गणकहरुलाई प्रति घरधुरी तथ्यांक संकलन वापत रु १००।- को दरले पारिश्रमिक तथा प्रचलित कानुन बमोजिम फिल्ड भत्ता तथा संचार खर्च वापत प्रति गणक रु १०००।–(अक्षरेपी रु एक हजार मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२** मोदी गाउँपालिका वडा नं २ पातिचौर स्थित देउपुर देउराली सडक क्रस हुने स्थानमा रहेको सिंचाई कुलोको मुहानमा ह्युम पाईप राख्नको लागी ह्युम पाईप खरिद तथा मर्मत सम्भारको लागी लागत अनुमान बमोजिमको कार्य गर्नको लागी रु ६००००।– (अक्षरेपी रु साठी हजार मात्र) विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३** मोदी गाउँपालिका वडा नं ३ देउराली लाङ्दी बस्ने वर्ष ४५ को चन्द्र बहादुर परियारको घरमा मिति २०८२।०१।०४ मा आगलागी हुँदा निजको घर अगाडी रहेको बाख्रा र कुखुराको खोर र आठ वटा बाख्रा समेत जलेर नष्ट भएको र निजको आर्थिक अवस्था समेत कमजोर रहेको हुँदा

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

हिरादेवी शर्मा
अध्यक्ष

निजलाई वाख्रा तथा कुखुराको खोर निर्माणको लागी रु २५०००।– (अक्षरेपी रु पच्चिस हजार मात्र) आर्थिक सहायता खर्च शिर्षकबाट राहत स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१४ प्रदेश अस्पताल कुश्मा पर्वत पर्वतको २०८२ सालको वार्षिक क्यालेण्डर प्रकाशन गर्दा यस मोदी गाउँपालिकाको सुचना प्रकाशन वापतको विल बमोजिमको रकम रु १५०००।– (अक्षरेपी रु पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१५ वालमैत्री स्थानिय शासनयुक्त वडा घोषणा कार्यविधि २०७९ को परिच्छेद-४ दफा (२०) अनुसार मोदी गाउँपालिका वडा नं ७ लाई वालमैत्री स्थानिय शासनयुक्त घोषणाको लागी आवश्यक प्रक्रिया शुरु गर्ने र मिति २०८२।०२।३० मा वालमैत्री स्थानिय शासनयुक्त वडा घोषणा गर्ने निर्णय गरियो।

निर्णय नं.१६ मोदी गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को आय ठेक्काको लागी मिति २०८१।०८।०६ गते स्वीकृत वातावरणीय परिक्षण प्रतिवेदन बमोजिम ढोरपाटन राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशन गरिएको ठेक्का नं 01/Aaya/MRM/081-82 (लिदी खोलाको वगर) २३७६.०० घनमिटर को लागी सिक्स वर्दश कन्स्ट्रशन मोदी- ६ तिलाहार विच सम्झौता भई कार्यदिश दिईएकोमा मिति २०८२।०१।०३ गते प्राविधिक टोलीबाट अनुगमन तथा उत्खनन भएको परिमाण नापजाँच गर्दा सम्झौतामा तोकिएको परिमाण भन्दा १८३.८२घनमिटर बढी उत्खनन भएको देखिएको हुँदा मिति २०८२।०१।२३ गते बसेको राजश्व परामर्श समितिको बैठकले गण्डकी प्रदेशको आर्थिक ऐन २०८१ को दफा (८) मा व्यवस्था भए बमोजिम ऐ. ऐनको अनुसुची ७, ८ र ९ मा तोकिएको दरको आधारमा जरिवाना गर्ने भनि सिफारिस भएको हुँदा सिक्स बर्दश कन्स्ट्रक्सन लाई सम्झौतामा उल्लेखित परिमाण भन्दा वढी उत्खनन गरेवापत प्रचलित कानुन बमोजिम जरिवाना गर्ने निर्णय गरियो ।

निर्णय नं.१७ मोदी गाउँपालिकाको विभिन्न स्थानमा प्रस्तावित झोलुङ्गे पुलहरुको निर्माणका लागी चालु आर्थिक वर्ष २०८१।०८२ को नेपाल सरकार शसर्त अनुदान पुँजिगत ऋण नगद खर्च शिर्षक नं ३११५१ मा विनियोजित बजेटवाट निर्माण हुन बाँकी र बजेट पुस्तिकामा समावेश भएका मध्ये दुरी र स्थानिय आवश्यकता समेतलाई मध्यनजर गर्दै रति खोला खरिबोट झोलुङ्गे पुलको निर्माण कार्य सम्बन्धी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

निर्णय नं.१८ नापी फिल्डबुकमा सार्वजनिक जग्गा जनिएको मोदी -६ डिमुवास्थित कि.नं. ६७३ क्षेत्रफल १३५-९-३-३ को जग्गा मध्येबाट प्रस्तावित ट्रेस नक्सा बमोजिमको क्षेत्रफल ८-०-०-२ को जग्गा डिमुवा स्थित प्रहरी चौकी देउपुरको लागी भवन निर्माण एवं स्तोरोन्नती गर्ने प्रयोजनका लागी जग्गा प्रासि सम्बन्धी प्रचलित ऐन नियमावलीमा तोकिए बमोजिमको आवश्यक कानुनी प्रक्रिया अगाडी बढाउन स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.१९ मोदी गाउँपालिका क्षेत्रका विभिन्न स्थानहरुमा जोखिमयुक्त अवस्थामा रहेका विद्युत पोलहरु सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तथा अग्ला रुख तथा जंगलहरु नजिक विद्युत प्रसारण लाईनहरुमा रहेका नाङ्गो तारहरुलाई जोखिम नहुने गरी व्यवस्थापन गर्न विद्युत वितरण केन्द्र पर्वतलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.२० मोदी गाउँपालिका वडा नं ५ स्थित तुरतुरे ढल व्यवस्थापन तथा पैदल मार्ग मर्मत सम्भार को लागी सडक तथा भौतिक संरचना मर्मत सम्भार कोषबाट खर्च गर्ने गरी रु १५००००।- (अक्षरेपी रु एकलाख पचास हजार मात्र) स्रोत सुनिश्चत गर्ने निर्णय गरियो ।

निर्णय नं.२१ राम्जाकोट तथा भूमे पुजा व्यवस्थापन अन्तर्गत गत आ. व. २०८०।०८१ मा भुक्तानी गर्न बाँकी भई भुक्तानी बाँकीको सुचीमा छुट हुन गएको रु ५००००।- (अक्षरेपी रु पचास हजार मात्र) गत आर्थिक वर्षको बाँकी रकमहरु भुक्तानी गर्न चालु आ. व. ०८१।०८२ को लागी विनियोजन भएको चालु तर्फको बजेटबाट भूक्तानी दिने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो

निर्णय नं.२२ चालु आर्थिक वर्ष २०८१।०८२ को गरिव सँग विश्वेश्वर कार्यक्रम लागु भएका स्थानिय तहमा कार्यक्रम संचालन खर्च को लागी बजेट पुस्तिकाको सि.नं. ३२८ खर्च शिर्षक नं २२५२२ मा विनियोजन भएको बजेट रु ३०००००।- (अक्षरेपी रु तीन लाख मात्र) वडा नं १ भूक देउराली र वडा नं ४ क्याङमा प्रतिवडा रु १५००००- (अक्षरेपी रु एकलाख पचास हजार मात्र) को दरले बाँडफाँड गरी उक्त कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.२३ विपद प्रतिकार्य सम्बन्धी विभिन्न विषयहरुमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान तथा सिप प्रदान गरी समुदायमा सामुदायिक विपद प्रतिकार्य स्वयं सेवक (Community Disaster Volunteer) उत्पादन गरी गाउँपालिका क्षेत्रभित्र हुन सक्ने विपद प्रतिकार्यको लागी कुनै पनि बखत स्वस्फुर्त रुपमा खटिन सक्ने व्यक्तिहरुको गाउँपालिका स्तरिय समुह गठन गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
००७३

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

निर्णय नं.२४ मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत सहायक कर्मचारी नगेन्द्र सुवेदी मिति २०८२।०१ मा कार्यालयको मुल गेट बाहिर स्कुटर दुर्घटनामा परि घाईते भई पोखराको मनिपाल स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराउनुभएको हुँदा निजलाई उपचार खर्च वापत रु ५००००।– (अक्षरेपी रु पचास हजार मात्र) कर्मचारी कल्याण कोष खर्च शिर्षक नं २२२१४ बाट खर्च गर्ने गरी उपचार खर्च प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.२५ मोदी गाउँपालिका वडा नं २ स्थित देउपुर स्वास्थ्य चौकीको छाना हावाहुरीले उडाएको हुँदा उक्त भवनको छानामा जस्ता पाता व्यवस्थापन गर्न विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु १०००००-। (अक्षरेपी रु एकलाख मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.२६ मोदी गाउँपालिका वडा नं २ निवासी पवित्रा देवी जैसीको कृषी फर्मको टनेल हावाहुरी तथा असिना पानीको कारण नष्ट भएको हुँदा २ नं वडा कार्यालयको सिफारिस एवं क्षतिको मुल्यांकन प्रतिवेदन बमोजिम कृषी फर्मको टनेल लगायतका अन्य संरचना पुर्ननिर्माणको लागी विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु १५०००।–(अक्षरेपी रु पन्ध्र हजार मात्र) स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.२७ मोदी गाउँपालिका वडा नं ३ देउराली स्थित गैरीचोक घुरुङसेरा मोटरबाटो मर्मत तथा विस्तारको लागी साविकमा विनियोजन भएको बजेटमा लागत अनुमान बमोजिम नपुग हुने रकम रु २०००००।–(अक्षरेपी रु दुई लाख मात्र) विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो

निर्णय नं.२८ राम्जा पोखरा सम्पर्क समाजलाई मोदी गाउँपालिकाको सुचना प्रकाशन, शुभकामना तथा २०८२ सालको भित्तेपात्रो प्रकाशन वापत रु ५०००।–(अक्षरेपी रु पाँच हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.२९ मोदी गाउँपालिका वडा नं ५ बाजुङ बस्ने इश्वरी परियारको आर्थिक अवस्था कमजोर रहेको भनी वडा कार्यालयबाट सिफारिस समेत भएको हुँदा निजको घरमा जस्ता पाता छाउन रु १५०००।–(अक्षरेपी रु पन्ध्र हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

निर्णय नं.३० मोदी गाउँपालिका वडा नं २ देउपुर निवासी गोकर्ण वहादुर क्षेत्रीको पशुपालन फर्म (गाई गोठ) व्यवस्थापन गर्न भनी वडा कार्यालयबाट सिफारिस समेत भएको हुँदा निजको गोठ व्यवस्थापनको लागि रु १५०००। –(अक्षरेपी रु पन्ध्र हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं.३१ मोदी १,सेरावेसी वस्ने एकल महिला देवकुमारी थापाको आर्थिक अवस्था कमजोर र वस्नको लागि घर पनि नभएको भनि वडा कार्यालयवाट सिफारिस भएको हुँदा निजलाई घरको छाना व्यवस्थापनको लागि रु १५०००। –(अक्षरेपी रु पन्ध्र हजार मात्र) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

## चतचमोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८२/०३/०३ गते

आज मिति २०८२ साल असार ३ गते मंगलबारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | 2082/03/03 | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी वि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | डिलमाया | |

**अन्य उपस्थिति:**

राजेन्द्र आचार्य लेखा अ.

जितेन्द्र क्षेत्री कार्यालय सहायक

## मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८[illegible] गतेको निर्णय

**निर्णय नं.१** कार्यपालिकाको मिति २[illegible] जेठ ६ गते बसेको बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो।

**निर्णय नं.२** मोदी गाउँपालिका वडा नं ८ चित्रे निवासी शोभाखर पाध्याको घरमा मिति २०८१।०५।०२ गतेको अविरल वर्षाको कारण क्षति पुगेको भनि वडा कार्यालयबाट भएको सिफारिस समेतको आधारमा आर्थिक सहायता खर्च शिर्षक नं २७२१२ बाट खर्च लेख्ने गरी रु १५०००।– (अक्षरुपी रु. पन्ध्र हजार मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** मोदी गाउँपालिका वडा नं. १ भुकताङ्ले निवासी डिल बहादुर दमैको मिति २०८१।०३।२७ गतेको अविरल वर्षाका कारण ५ हलको धान खेत पहिरोले क्षतिग्रस्त बनाएको हुँदा वडा कार्यालयको सिफारिस तथा अन्य कागजात समेतको आधारमा आर्थिक सहायता खर्च शिर्षक नं २७२१२ बाट खर्च लेख्ने गरी राहत स्वरुप रु १५०००।– (अक्षरुपी रु पन्ध्र हजार मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** मोदी गाउँपालिका वडा नं ८ चित्रे निवासी पूर्ण बहादुर घर्ति क्षत्रीको मिति २०८१।०४।१२ गते चट्याङ परि गोठमा रहेको भैसीको मृत्यु भई आर्थिक क्षति भएको भनि वडा कार्यालयको सिफारिस अनुसार आर्थिक सहायता खर्च शिर्षक नं २७२१२ बाट खर्च लेख्ने गरी रु १५०००।– (अक्षरुपी रु पन्ध्र हजार मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** उद्यमशिल आमा समुह मोदी ६ को आर्थिक सशक्तिकरण तथा उद्यमशिलता विकासको लागी आर्थिक सहायता खर्च शिर्षक नं २७२१२ बाट खर्च लेख्ने गरी राहत स्वरुप रु १५०००।– (अक्षरुपी रु पन्ध्र हजार मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.६** मोदी गाउँपालिकाको प्रस्तावित संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन सम्वन्धमा कार्यालयको कार्यबोझ आर्थिक क्षमता तथा आवश्यकताको आधारमा आवश्यक विश्लेषण गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्न गण्डकी प्रदेशको स्थानिय सेवा गठन तथा संचालन नियमावलीको नियम २२ बमोजिमको समितिलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.७** अविरल वर्षा, बाढी, पहिरो, भू-क्षय जस्ता संभावित प्राकृतिक प्रकोपबाट आम नागरिकहरुलाई सुरक्षित राख्न गाउँकार्यपालिकाको मौसम सुचना केन्द्र तथा मोदी विपद सुचना सम्प्रेषण प्रणाली लाई अद्यावधिक गर्ने र विपद प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वय गर्न नीजि क्षेत्र, सहकारी तथा सामुदायिक संघ संस्थाहरु स्थानीय यूवा क्लवहरु तथा सुरक्षा निकाय सँग आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** विपद व्यवस्थापनको लागि विपदको समयमा उद्धार र राहतलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सामग्रीहरुको खरिद गरी डिमुवा प्रहरी चौकीलाई हस्तान्तरण

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

गर्न विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु २०००००। अक्षरेपी रु दुई लाख मात्र स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

**निर्णय नं.९** मोदी गाउँपालिकाको स्थानिय पाठ्यपुस्तक मस्यौदा समितिका सदस्यहरुलाई प्रचलित संघिय प्रदेश तथा मोदी गाउँपालिकाको खर्चको मापदण्ड बमोजिम तोकिएको पारिश्रमिक र मस्यौदा लेखनको क्रममा खाजा खाना वापतको रकम सम्बन्धित खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१०** श्रम सम्बन्धी प्रचलित कानुन एवं ज्येष्ठ नागरिकको संविधान प्रदत्त हक तथा यथोचित सम्मान गर्नुपर्ने व्यवस्था समेतलाई मध्यनजर गर्दै मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वा मातहतका निकाय वा साविक स्थानिय निकाय समेतमा गरि कम्तिमा २५ (पच्चिस) वर्ष अविच्छिन्न रुपमा सेवा गरेका र कर्मचारीको सेवामा वहाल रहने प्रचलित कानुन बमोजिमको उमेर हद पुरा गरेका सेवा करारमा कार्यरत कर्मचारीहरुलाई सम्मान सहित सेवाबाट विदा गर्ने प्रस्ताव मोदी गाउँपालिकाको १७ औं सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.११** मोदी गाउँपालिकाको १० शैयाको आधारभूत अस्पतालको भवन निर्माणको लागी आवश्यक बाँकी जग्गाहरुको जग्गा प्राप्तिको प्रक्रिया पुरा गरी डिपिआर निर्माण लगायतका कार्य गर्ने प्रस्ताव मोदी गाउँपालिकाको १७ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२** मोदी गाउँपालिका वडा नं १ स्थित ५२ मिटर लामो भूरुङ्दी खोला झोलुङ्गे पुल तथा मोदी गाउँपालिका वडा नं ४ र ५ जोड्ने लिस्तुङ खोलाको झोलुङ्गे पुलहरुको गत आ व २०८०।०८१ मा निर्माण सम्पन्न भई खुर्कोट युवा क्लवलाई स्रोत अभावको कारण मोदी गाउँपालिकाको १५ औं गाउँसभाको निर्णय अनुसार भुक्तानी बाँकी भनि उल्लेख भएको रकम रु ४२५०००।- (अक्षरेपी रु चार लाख पच्चिस हजार मात्र) चालु आर्थिक वर्षको लागी झोलुङ्गे पुलहरुको निर्माणको लागी नेपाल सरकार सर्शर्त अनुदान तर्फ विनियोजित रकम रु १५०००००। - (अक्षरेपी रु पन्ध्र लाख) मध्येबाट भुक्तानी गर्ने आवश्यक निर्णयार्थ मोदी गाउँपालिकाको १७ औं गाउँसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

## चतचमोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८२/०३/०८ गते

आज मिति २०८२ साल असार ०८ गते आईतावारको दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति:

CamScanner

# मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८२/०३/०८ गतेको निर्णय

**निर्णय नं.१** कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो।

**निर्णय नं.२** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (६६) को उपदफा (३) को खण्ड (ग) बमोजिम स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट निर्धारण गरिएको बजेट सिमाभित्र रहि ऐ. ऐनको दफा (६७) बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्रस्ताव गरिएको मोदी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को वार्षिक आय व्ययको अनुमान (बजेट)माथी छलफल गरी आगामी कार्यपालिकामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** वडा समिति तथा वडा कार्यालयबाट तथा मोदी गाँउपालिकामा सिफारीस भई आएका आर्थिक सहायता सम्वन्धी कार्यविधि बमोजिमका ब्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरीयो ।

| क.स | नाम थर | ठेगना | निवेदनको प्रकार | रकम |
|---|---|---|---|---|
| १ | चन्द्र बहादुर हमाल | मोदी २ | छाना मर्मत | १५०००।- |
| २ | नन्द कुमारी प्रसाई | मोदी ५ | आर्थिक सहयोग | ३५००।- |
| ३ | पुर्ण बहादुर कामी | मोदी ५ | आर्थिक सहयोग | १००००।- |
| ४ | बुद्धीराम दमाई | मोदी २ | स्वास्थ्य विमा | ३५००।- |
| ५ | मुक्त ब.क्षेत्री | मोदी ५ | आर्थिक सहयोग | १००००।- |
| ६ | क्षेत्र ब.थापा | मोदी ६ | छाना मर्मत | १५०००।- |
| ७ | विष्णुमाया कामी | मोदी ४ | घर क्षती | १००००।- |
| ८ | आईतमाया कामी | मोदी १ | आगलागीबाट धन्सार क्षती | १००००।- |
| ९ | माया कुमारी विक | मोदी १ | आगलागीबाट नल पराल क्षती | ५०००।- |
| १० | हरीकला थापा | मोदी ६ | स्वास्थ्य उपचार | १००००।- |

**निर्णय नं.४** श्री बालज्योती आ.वि मोदी ५ बाजुङको शैक्षिक सत्रमा निजी श्रोत शिक्षक ब्यवस्थापन वापतको रु ५००००।(अक्षेरुपी पचास हजार) आवश्यक कागजातका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.५** नारी उत्थान समाजद्धारा संचालित रेडियो दिदिबहिनी ९५.६ मेगाहर्जलाई महिला सशक्तिकरण लगायतका कार्यहरु संचालन तथा सुचना सम्प्रेषण गरे वापत रु ५०,०००।(अक्षेरुपी पचास हजार) अध्यक्ष संग दिदिबहिनी कार्यक्रमबाट खर्च ब्यहोर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरीयो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८२/०३/१० गते

आज मिति २०८२ साल असार १० गते मंगलबारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| ४ | श्री टेक बहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक बहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी बि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति:

नगेन्द्र दुवेदी

राजेन्द्र प्रसाद आचार्य

CamScanner

# मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८२/०३/१० गतेको निर्णय

**निर्णय नं.१** कार्यपालिकाको अघिल्लो बैठकको निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो।

**निर्णय नं.२** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्रस्तावित आगामी आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम गाउँसभाको १७ औ सभामा प्रस्तावको रुपमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** मोदी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को आर्थिक विधयेक २०८२ तथा विनियोजन विधयेक २०८२ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (६६) को उपदफा (३) को खण्ड (ग) बमोजिम स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट निर्धारण गरिएको बजेट सिमाभित्र रहि ऐ. ऐनको दफा (६७) बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति बाट प्रस्ताव गरिएको मोदी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को वार्षिक आय व्ययको अनुमान (बजेट) मोदी गाउँपालिकाको १७ औ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** मोदी गाउँपालिकाको चालु आ.व. २०८१।०८२ को बजेट खर्च तथा बजेट कार्यान्वयनको प्रतिवेदन गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.६** मोदी गाउँपालिका वडा नं ६ बस्ने राजेन्द्र पुरीको कृषी फर्ममा रहेको कुखुरा खोर, टनेल लगायतका संरचनामा हावाहुरी तथा वर्षाको कारण क्षति पुगेको हुँदा उक्त संरचनाहरुको पुर्ननिर्माणको लागी आर्थिक सहायता खर्च शिर्षक नं २७२१२ बाट खर्च लेख्ने गरी राहत स्वरुप रु १५०००।– (अक्षरुपी रु पच्चिस हजार मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.७** मोदी गाउँपालिका वडा नं ७ बस्ने सिता घर्ती क्षेत्रीलाई वडा समितिको सिफारिसको आधारमा ७ नं वडा कार्यालयको लागी विनियोजित बजेट खर्च शिर्षक नं २७२१२ बाट आर्थिक सहायता स्वरुप रु ८०००।– (अक्षरुपी रु आठ हजार मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** स्थानिय विपद व्यवस्थापन समितिको मिति २०८२।०२।३० गतेको बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८२/०३/१४ गते

आज मिति २०८२ साल असार १४ गते शनिबारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरा देवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिब | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | २०८२/०३/१४ | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक वहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी वि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | डिलमाया | |

**अन्य उपस्थिति:**

राजेन्द्र प्रसाद आचार्य

नगेन्द्र द्विवेदी

CamScanner

# मोदी गाउँपालिका गाउँ कार्यपालिका

## बैठक मिति २०८[illegible]१४ गतेको निर्णय

**निर्णय नं.१** कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरु कार्यन्वयनको समिक्षा गरियो।

**निर्णय नं.२** गण्डकी प्रदेशको स्थानिय सेवा गठन तथा संचालन नियमावली २०८० को परिच्छेद ३ को संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धी कार्यविधि बमोजिम ऐ. नियमावलीको नियम २२ बमोजिमको समितिबाट प्रस्ताव गरिएको मोदी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण २०८२ को प्रतिवेदन मोदी गाउँपालिकाको १७ औ गाउँसभामा प्रस्तावको रुपमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.३** मोदी गाउँपालिका गाँउ कार्यपालिका कार्यालयको आन्तरिक आम्दानी आर्थिक क्षमता तथा संवैधानिक अंगहरुबाट विभिन्न समयमा प्रास सुझावहरुलाई समेत मध्यनजर गर्दै मोदी गाउँकार्यपालिकाको कार्यालय वा मातहतका निकायहरुमा विभिन्न पदमा सेवा करारमा कार्यरत कर्मचारीहरु तथा स्वस्थ्य सेवा तर्फ अत्यावश्यक सेवाहरु एम्बुलेन्स तथा खोप कोल्डचेन तर्फ कार्यरत वाहेकका स्वास्थ्यकर्मीहरुको सेवा करार सम्झौता रद्द गरी २०८२/०४/०१ गते देखी लागु हुने गरी सेवाबाट हटाउने र स्वीकृत दरवन्दी सिमा भित्र रही कार्यालयको कार्यबोझ, आवश्यकता र औचित्यताको आधारमा गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ बमोजिम प्रदेश लोक सेवा आयोगबाट पद पूर्ती नहुने बेलासम्मको लागि रिक्त दरवन्दी भित्रका अत्यावश्यक पदहरुमा मात्र सेवा करारमा कर्मचारी नियुक्ती गर्ने सम्वन्धी प्रस्ताव १७ औ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** मोदी गाँउ सभाको दोस्रो बैठकमा पेश भएको गाउँपालिकाको आ.व. २०८२।०८३ को बजेट तथा कार्यक्रम र विनियोजन विधयेक २०८२ लाई वाञ्छित संशोधन सहित सभाको आगामि बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.५** चालु आर्थिक वर्ष २०८१।०८२ मा विभिन्न मितिमा कार्यपालिकाबाट विभिन्न योजनाका लागी गरिएका बजेट स्रोत सुनिश्चितता, विपन्न नागरिकहरुलाई प्रदान गरिएका आर्थिक सहायता, विभिन्न कडारोग लागेका विरामीहरुलाई प्रदान गरिएका उपचार खर्च, दुर्घटनामा परेका कर्मचारीहरुलाई कर्मचारी कल्याण कोषबाट प्रदान गरिएको उपचार, विपद प्रकोपबाट प्रभावित नागरिकहरुलाई प्रदान गरिएको राहत, चालु आ.व. २०८१।०८२ मा भुक्तानी गर्न स्रोत अभाव हुँदा गरिएको स्रोत मिलान, संघिय, प्रदेश सरकार तथा गाउँपालिकाबाट संचालित विभिन्न विकास आयोजनाहरुको म्याद थप सम्बन्धी निर्णयहरुलाई १७ औ गाउँसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

बाबुराम पुरी
...त्र अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

**निर्णय नं.६** माध्यमिक तहको कक्षा १० को २०८१ सालको एस.ई.ई. परिक्षामा मोदी गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुबाट सम्मिलित भई ननग्रेडेड भएका विद्यार्थीहरुको लागि एसईई ग्रेड बृद्धि परिक्षाको तयारी कक्षा मोदी ६ स्थित नव जागृत बहुमुखी क्याम्पसमा संचालन तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७** मोदी गाउँपालिका भित्रका एसईई परिक्षामा सम्मिलित विद्यालयहरुका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु सँग एसईई परिक्षाको नतिजा विश्लेषण तथा सुधारका उपायहरु र कमजोर तथा शुन्य नतिजा प्राप्त गर्ने विद्यालयहरुका सम्वन्धमा आवश्यक निर्णयका लागी सम्बन्धित क्षेत्रका विज्ञहरुलाई समेत सम्मिलित गराई गाउँकार्यपालिका सँग छलफल तथा अन्तरक्रिया गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** मोदी गाउँपालिका वडा नं २ पातीचौर बजार देखि १ नं वडा कार्यालय भूक सम्म, मोदी ६ डिमुवा देखि ७ नं वडा कार्यालय राम्जा हुँदै रिङरोड सम्म, मोदी ६ तिलाहार रतिखोला देखि ८ नं वडा कार्यालय चित्रे सम्म गरी कुल करिव ३७.०५ किलोमिटर बाटोको दायाँबायाँ सडकको राईट अफ वे कायम गर्ने प्रयोजनको लागी सडकको दायाँबायाँ रहेका र सडकसँग जोडिएका जग्गाहरुको कित्तानापी नक्सामा लगतकट्टा गरिने कित्ताको विवरण सहितको प्राविधिक प्रतिवेदनमा उल्लेखित कित्ताहरु रोक्का राख्नको लागी मालपोत कार्यालय पर्वतलाई लेखि पठाउने निर्णय गरियो ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner